# मोलुड ज्ञानप्रवाह

MF

# मोलुङ ज्ञानप्रवाह

(शिक्षाप्रधान मासिक)

## पूर्णाङ्क ३, २०७८ मङ्सिर (२०२१ नोभेम्बर - डिसेम्बर )



प्रधान सम्पादक : प्रा.डा. भूपप्रसाद धमला
प्रबन्ध सम्पादक : राजु काफ्ले
कार्यकारी सम्पादक : डा. ढुण्डिराज पहाडी
सम्पादक : खेमराज पोखरेल, डा. धनप्रसाद सुवेदी, इन्द्रप्रसाद अधिकारी, नारायणप्रसाद होमगाई, सुरेश हाचेकाली, शारदा बोगटी, इन्दु अंशु, जुनु उप्रेती
अतिथि सम्पादक : धीरकुमार श्रेष्ठ, विनोद दाहाल, चेतनाथ धमला

**विषय/विधागत सल्लाहकार :**

प्रा.डा. माधवप्रसाद पोखरेल (भाषा), प्रा.डा. गोविन्दराज भट्टराई (पाश्चात्य साहित्य), प्रा.डा. कुमारप्रसाद कोइराला (पूर्वीय साहित्य), डा. रमेश पोखरेल (कला), प्रा.डा.वीणा पौड्याल (कला-संस्कृति), डा. लाल श्याकारेलु रापचा (भाषा(संस्कृति), प्रा.डा. दीपक अर्याल (विज्ञान), प्रा.डा. प्रेमसागर चापागाईं (समाज), प्रा.डा. बालचन्द्र लुइँटेल (शिक्षा), जीवनाथ धमला (सञ्चार)

**संस्थागत सल्लाहकार :**

प्रा.डा. ध्रुव घिमिरे (अध्यक्ष, बालसाहित्य समाज नेपाल), प्रा.डा. राजनप्रसाद पोखरेल (अध्यक्ष, सिर्जनशील लेखन समाज), कृष्ण बजगाई (अध्यक्ष, समकालीन साहित्य प्रतिष्ठान, बेलायत), धर्मानन्द गौतम (अध्यक्ष, अनेसास अस्टिन च्याप्टर, अमेरिका), शारदा पौडेल 'निशा' (अध्यक्ष, अनेसास स्पेन च्याप्टर)

नाम : मोलुङ ज्ञानप्रवाह
किसिम : शिक्षाप्रधान मासिक
दर्ता : काजिप्रका ४९२
प्रकाशक : मोलुङ फाउन्डेसन
मुद्रक : डीडीएम प्रिन्टर्स
चित्राङ्कन : राजेश मानन्धर
कम्प्युटर लेआउट : राजकुमार अधिकारी
सञ्चार संयोजन : सविन धमला
सर्वाधिकार : प्रकाशकमा
मूल्य : रु १०० (एकसय)

**सम्पर्क ठेगाना**

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ
फोन: ०१४६००५९१

इमेल: molungfoundation@gmail.com

वेबसाइट: www.molung.org.np

**मोफसल सम्पर्क**

वेदीकुमार राई (खोटाङ), कुलप्रसाद खतिवडा (ओखलढुङ्गा), अनिरुद्र सुवेदी (रामेछाप), नरेश पहाडी (सिन्धुली), उज्जन काफ्ले (मकवानपुर), दिनेश पन्थी (रूपन्देही), रामप्रसाद चौधरी (कैलाली)

# लेखन निर्देशिका

मोलुङ ज्ञानप्रवाह भाषा, साहित्य, कला, संस्कृति, विज्ञान, सामाजिक शास्त्र लगायत जीवन र जगत्का विषय र विधामा लेखिएका सिर्जनात्मक तथा अनुसन्धानमूलक लेखरचनाहरू प्रकाशन गर्ने शिक्षाप्रधान मासिक पत्रिका हो । यस पत्रिकामा प्रकाशनार्थ लेख रचना पठाउनु हुने महानुभावहरूले देहायको लेखन निर्देशिका अनुसरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौँ ।

१. नेपाल राज्यको भौगोलिक अखण्डता, राष्ट्रिय अक्षुणता, धार्मिक सहिष्णुता, सांस्कृतिक मर्यादा, र सामाजिक सद्भाव खल्बलिने खालको कुनै लेख रचना प्रकाशन गरिने छैन ।
२. कुनै राजनीतिक दल विशेषको वा अमुक नेताको प्रशंसा वा निन्दा गरिएको लेख रचना प्रकाशन गरिने छैन ।
३. प्रकाशित लेख रचनामा अभिव्यक्त भएका विचारहरू लेखक/सर्जकका निजी अनुसन्धान वा विचारमा आधारित छन् । तिनले कुनै नकारात्मक विवाद आएमा प्रकाशक वा सम्पादक मण्डल जिम्मेवार हुने छैन ।
४. यसअघि कहीँ कतै प्रकाशन नभएको वा प्रकाशनका लागि नपठाएको वा फेसबुक, ट्विटर, इन्स्टाग्राम लगायत सामाजिक सन्जालका कुनै पनि माध्यममा सार्वजनिक नभएको मौलिक लेख रचना हुनुपर्ने छ ।
५. लेखनको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुनुपर्ने छ ।
६. लेख रचनाहरू नेपालीमा युकोड वा प्रीति फन्टमा र अङ्ग्रेजीमा बुकम्यान ओल्ड स्टाइल वा टाइम्स न्यु रोमन फन्टमा टाइप गरी विद्युतीय माध्यमबाट पठाउनु पर्नेछ ।
७. लेखकले लेख रचनाका साथ पासपोर्ट साइजको तस्बिर र आफना प्रमुख कृतिको सूचीसहित संक्षिप्त लेखक परिचय पठाउनु पर्नेछ ।

८. तोकिएको मितिभित्र प्राप्त नभएका लेख रचनाहरू त्यही महिनाको अङ्कमा प्रकाशन नगरी अर्को अङ्कका लागि सुरक्षित राखिनेछ ।

९. पठाइएको लेख रचना स्वीकृत वा अस्वीकृत वा आवश्यक संशोधन हुन सक्ने छ । संशोधनको पूर्व जानकारी लेखकलाई दिइने छ ।

१०. लेखनका विषयक्षेत्रहरूमुख्यतः देहाय बमोजिम हुने छन् :

**(क) भाषा** : लोपोन्मुख भाषा लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय भाषाको वैज्ञानिक अध्ययन अनुसन्धान

**(ख) साहित्य** : कथा/लघुकथा, कविता, मुक्तक, गजल, गीत, निबन्ध, समालोचना, पुस्तक समीक्षा, यात्रा संस्मरण, आत्मकथा, जीवनी, एकाङ्की नाटक , डायस्पोरा (प्रवास अनुभूति) इत्यादि ।

**(ग) कला** : गीत, सङ्गीत, वाद्यवादन, चित्रकारिता, ललितकला, प्रस्तरकला, वास्तुकला इत्यादि ।

**(घ) संस्कृति** : लोकसंस्कृति, सांस्कृतिक सम्पदा, पर्यटन, इत्यादि ।

**(ङ) विज्ञान तथा प्रविधि** : जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, पर्यावरण इत्यादि ।

**(च) विविध** : सुशासन, विकास, समृद्धिलगायत आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका समसामयिक सवाल ।

# हाम्रो दृष्टिकोण

शैक्षिक क्षेत्रमा राज्यको ठुलै बजेट खर्च भएर पनि शिक्षाको गुणस्तर अपेक्षित रूपमा माथि उक्सन नसक्नुका विविध कारणहरू छन् । जसमध्ये राजनीतिक कारण प्रमुख हो । आफ्नो निर्वाचन क्षेत्रमा स्कुल कलेज खोलेर अमुक दल वा नेताले लोकप्रियता हासिल गर्न प्रतिस्पर्धा गर्ने तर गुणस्तरीय शिक्षा भयो कि भएन भनेर चासो नगर्ने प्रवृत्ति नै यसको लागि जिम्मेवार छ भने अर्को महत्त्वपूर्ण कारण गुणस्तरीय पाठ्यक्रम निर्माण गर्ने र सोही अनुसारका पाठ्यपुस्तक लेख्नेदेखि लिएर परीक्षा एवम् मूल्याङ्कन प्रणाली वैज्ञानिक र भरपर्दो बनाउनेतर्फ शैक्षिक निकायको ध्यान आवश्यक मात्रामा केन्द्रित हुन नसक्नु हो । अझ भन्ने हो भने गुणस्तर भनेकै के हो भन्ने कुरा राम्रोसँग नबुझ्नु पनि हो ।

तर तीव्र भूमण्डलीकरण हुँदै गएको परिवर्तित विश्व परिस्थितिमा सिमित पाठ्यक्रम, नियमित पठन पाठन र आवधिक परीक्षा प्रणालीले मात्र शैक्षिक गुणस्तरको सुनिश्चितता प्रदान गर्दैन । यसका निम्ति शैक्षिक क्षेत्रका नीति निर्माता शैक्षिक निकायका सञ्चालकहरू र अध्ययन अनुसन्धानमा लागेका सम्बन्धित सबैले अनौपचारिक शिक्षामा पनि समय खर्चिनु पर्ने हुन्छ । त्यसका निम्ति अतिरिक्त पाठ्यसामग्री प्रकाशनको पनि आवश्यकता पर्छ । मोलुङ ज्ञानप्रवाह यसै प्रक्रियाको एक इँटा मात्र हो । यसमा प्रकाशित शैक्षिक सामग्रीले केही हदसम्म शैक्षिक योगदान गर्न सक्ला भन्ने विश्वास लिएका छौं ।

# लेखन सूचीक्रम


| शीर्षक | लेखक/रचनाकार | पृष्ठ |
|---|---|---|
| ***कविता*** | | |
| नाङ्गा अक्षरहरू | खेम गुरागाई | ८ |
| हाइकु | कृष्णश्री राई | १३ |
| जाँत पर्व | नेत्रप्रसाद पनेरु | १५ |
| Corona | Indra Thapa | 18 |
| ***कथा*** | | |
| आशाजस्ती छोरी | ललिता दोषी | २० |
| हत्या | देवीप्रसाद थापा | २६ |
| भूत | डा.झमकप्रसाद शर्मा | २८ |
| ***आलेख*** | | |
| बालकविता कसरी लेख्ने ? | डा. देवी नेपाल | ३७ |
| कम्प्युटर र हामी | विनोद दाहाल बत्स | ४९ |
| नासिँदै गरेको संयुक्त.... | शिरषा घिमिरे | ५३ |
| Climate Change in ... | Prof. Dr. Khem N. Poudel | 55 |
| Dependency on Social . . | Divya Jyoti Yadav | 58 |
| Dreams of Life | Nisha Dhamala | 61 |
| ***अन्तरक्रिया*** | | |
| सरकार जसले चलाए पनि | प्रा.डा. दीपक अर्याल | ६३ |

*कविता*

# नाङ्गा अक्षरहरू



खेम गुरागाईं
सिद्धिथुम्का, इलाम
हाल क्यानाडा

अचेल
नाङ्गा अक्षरहरू
मलाई साउती गर्छन्
एकाबिहानै
बिस्तराहरूमा,
रातको गन्ध नसेलाउँदै
आई पुग्छन् सखारै
नाङ्गा अक्षरहरू,
आँखाका झिसमिसे
तरङ्गहरूमा,
लोभ्याउँदै
मेरा
अर्धचेतन आँखाहरू,
देखाउँदै
तिनका बहुरूपी डालहरू,
छचल्काउँदै
तिनका बैँसालु बहाबहरू,
तम्सिन्छन्
नाङ्गा अक्षरहरू
चुम्बन गर्न मेरा
नग्न प्रहरहरू,

एकाबिहानै
बिस्तराहरूमा ।

सोच्छु,
म नाङ्गिनु
र
अक्षरहरू
नाङ्गिनुमा
के फरक
रहेछ,

सम्झन्छु,
भर्खरै नाङ्गिएको रात
र
सम्झन्छु
भर्खरै नाङ्गिएको बात,

नाङ्गा अक्षरहरू मलाई
साउती गर्छन्,
म लजाऊँ
या
नलजाऊँ,
द्विविधामा पर्छु,
नाङ्गा अक्षरहरू
अलमलिँदा हुन्
म अलमलिएको देखेर,
नाङ्गा अक्षरहरू छोप्न खोज्छु,
अर्कातिर चिप्लन्छन्, फुत्किन्छन,
फेरि समात्न खोज्छु
झन् छरिन्छन् छरपस्ट,
एकाबिहानै
बिस्तराहरूमा ।

तिनका नग्नताले मलाई
तानिरहन्छ या त
तिनका
बहुरङ्गी चालहरूले
फेरि अलमलिन्छु,
सोच्दछु,
मेरो शरीर
काँप्न खोज्छ आवेशमा,

सायद,
सायद नाङ्गिनुमा
मेरो अस्तित्वको
अर्थ देख्छन् आँखाहरू,
तर फेरि डराउँछु
भित्रभित्रै
नाङ्गा अक्षरहरूसँग,
किन,
किन, तिनीहरू खितखिताउँछन्
घरीघरी,
छोप्न खोज्छु
नाङ्गा अक्षरहरू
फेरि फुत्किन्छन्
कति सजिलै
मेरा
बलिष्ठ पञ्जाहरूबाट,
तेत्रा तेत्रा
अजङ्गका चिजहरू
अठ्याउन सक्ने मेरो
तागत,
यी बबुरा अक्षरहरूसँग
स्खलित हुन खोज्छ,

सम्हालिन्छु
जाबा नाङ्गा अक्षरहरू
मेरो महत्तामाथि नै
प्रश्न तेर्स्याउँछन्
एका बिहानै
बिस्तराहरूमा !

घामको लालिमा
ठोकिन्छ आँखाहरूमा,
झनै अँध्यारो भए झैं लाग्छ बिहानी
मलमलका बिछ्यौनाहरूमा,
फेरि
छरपस्ट छरिन्छन्
नाङ्गा अक्षरहरू,
ताण्डव देखाउँदै
अट्टहास गर्छन्,

मेरो आँखै अगाडि अक्षरहरू
मान्छे भएको बहाना गर्छन्,
अक्षरहरू तरबार भए छन् कि क्या हो
चारैतिर भित्ताहरूमा,
मेरो पलङ नै हल्लाए झैँ लाग्छ
मेरो घर नै डगमगाए झैँ लाग्छ
मलाई नै झम्टिन खोजिरहेछन्,
लुछ्न खोजे झैँ गर्छन्
मेरा आलिसान सपनाहरू,
तिखा नङ्ग्राहरू उध्याउँदै,
मलाई नै आक्रमण गर्न तम्सिरहेछन्
नाङ्गा अक्षरहरू
हठात,
निकाल्छु बन्दुक
र

ताक्छु तिनै अक्षरहरू,
गर्ल्याम्म ढल्छन् भित्ताहरू
तर
ढल्दैनन् अक्षरहरू
ढल्छन् त केवल
मेरा अमुक, निर्जीव पर्खालहरू
मेरा बहुमूल्य सङ्गमरमरहरू
स्यान्डलियरहरू,

म पुरिन्छु
त्यही डङ्गुरमा
नाङ्गा अक्षरहरू
मेरै टाउको माथि उफ्रिन्छन्
म थिचिन्छु
किचिन्छु,
त्यही भग्नावशेषमा
नाचिरहन्छन्
नाङ्गा अक्षरहरू
निरन्तर
एकाबिहानै
बिस्तराहरूमा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका ***मोलुङ ज्ञानप्रवाह***ले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगयात समस्त नेपालीहरुलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
जनजागृति मावि सोल्मा, खोटाङ

# हाइकु



कृष्णश्री राई
सिमपानी मावि सिमपानी, खोटाङ

(१)
हिलाम्मे दह
मुसुक्क नीलपद्म
सर्वत्र वास ।
(२)
वस्तुमा चित्त
ईशको अवसान
प्रेममा विष ।
(३)
मुरी माटोमा
रोपेर मन फूल
युगौँ फल्नु छ ।
(४)
प्रेमको बैङ्क
विश्वासको मुद्धति
खुसीको ब्याज ।
(५)
अँधेरी रात
गर्भपात सपना

शीतार्द्र उषा ।
(६)
मेरो चिहान
तिम्रो अस्थिपञ्जर
अध्कल्चो प्रेम ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका ***मोलुङ ज्ञानप्रवाह***ले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगयात समस्त नेपालीहरुलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
सावित्रा मावि बाम्राङ, खोटाङ

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका ***मोलुङ ज्ञानप्रवाह***ले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगयात समस्त नेपालीहरुलाई सिर्जनशील र सचेत बनाउन पूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

**प्रधानाध्यापक**
तथा समस्त विद्यालय परिवार
खार्पा मावि, खार्पा, खोटाङ

*कविता*

# जाँत-पर्व



नेत्रप्रसाद पनेरु
निवृत्त क्याम्पस प्रमुख
डडेल्धुरा क्याम्पस

जाँत यो पर्व पूजा हो, लौकिक विधिमा हुने ।
सङ्कल्प-सिद्धिका लागि, नौरथा ब्रतमा रहने । ।१ । ।
तिथि पूजन हो जाँत्, आद्धिका देव सधना ।
भाद्र कार्तिकमा पर्ने कुलदेव उपासना । ।२ । ।

यो पर्व कृत्य हो एक, लोकको देव साधना ।
तृबन्ध-शुद्धता पर्ने, जगाई योग भावना । ।३ । ।
सत्व र सही भावैमा रम्ने, रम्न लगाउँने ।
उपास्य देवको भक्ति, भावनामा सघाउने । ।४ । ।

देवदर्शनका साथै मित्र दर्शन पाइने ।
जनरन्जनको योग्, आफू आफन्त राइने । ।५ । ।
जँत्यारु जाँतमा जन्छन्, राम हेर्न भनिकन ।
त्यो राम लोकको बोली दिव्य अर्थ बनीकन । ।६ । ।

सौन्दर्य-उपभोगैमा, मिलेर जन तन्त्रमा ।
परमानन्दमा पर्छ, एकै क्षण र मन्त्रमा । ।७ । ।

लोकमानसमा थप्दै, सौन्दर्यानन्द भावना ।
दार्शनिक अर्थमा पुग्छ, जाँत यो लोकसाधना । ।८ । ।

जीवको लक्ष्य आनन्द, त्यै आनन्द दिलाउन ।
लोकले पहिल्याएको, साङ-योग मिलाउन । ।९ । ।
जँत्यारु जाँत है फर्क्यो, दिव्यज्ञान भरीकन ।
मन-तन-आत्म शुद्धि, सर्व शुद्ध गरीकन । ।१० । ।

जाँतका तिथि छन् आफ्नै, चलेका लोकमानमा ।
गणना गतिका छुट्टै, देखिने स्थान-स्थानमा । ।११ । ।
कोइ लाग्दि-भाग्दिमा पर्ने, कोइ भने डाँणाकान्तमा
जाँतका तिथि मर्यादा बनेका यस प्रान्तमा । ।१२ । ।

लोकमन डाँणाकन्त, तिथि चक्र जुराउने ।
उदय-सूर्यको औँसी, योग्यकाल चलाउने । ।१३ । ।
दिनमान सबै अन्य, तिथि को तर्जुमा गरी ।
तिथि निर्धारणै गर्ने, गणना दिनका अरि । ।१४ । ।

लाग्दि-भाग्दी क्षय वृद्धि, मानमा रहने गरी ।
पन्चांगिमनमा पर्ने, शास्त्रीय तिथिको थरी । ।१५ । ।
डाणाँकान्ती प्रथामान, कैलिपाल-बणाँलमा ।
दुबै शिखरई जाँत, लाग्दि-भाग्दी प्रमाणमा । ।१६ । ।

रात्रीका स्पर्श भागैमा, पूजाको क्षण मनियो ।
देव र देवीका लागि, अलग्गै तिथि ठानियो । ।१७ । ।
तिथि-पक्ष तथा बेला, मास सम्वत् सरैहरू ।
उपयोग गरिएका, भावना वृतका अरू । ।१८ । ।

विधि-विधानका साथै, कारिबारी प्रथा पनि ।
व्यवस्थित पारिएका, घटकै जाँतका अनि । ।१९ । ।

अलेख्य विधिमा पर्ने, संहिता दिव्य चालका ।
दिव्यानुभूतिमा पर्ने, वाद्य छन् घाइतालका ।।२०।।

सङ्गम-संहिता-शक्ति, मिलेको दिव्य छाँटमा ।
योग-संयोग हो जाँत, चढेको माथमाथमा ।।२१।।
निष्ठा कृत्य पर्वकृत्य, आह्निक आर्चना पथ ।
सौन्दर्यानन्दमा व्यक्त, श्रद्धाकृत बन्यो व्रत ।।२२।।

भावना लोकाका साझा, एउटै विन्दुमा अढी ।
योग संयोगमा पुग्छ, रम्यभाव रडी रढी ।।२३।।
जाँतको भाव गैरो छ, मनतन्त्र रमाउने ।
त्रिबन्ध-शुद्धिको मार्ग, रोगशोक धपाउने ।।२४।।

लोकले सहजै पायो, भक्तियोग जगाउने
समाहित आवस्थामा, ध्यानमार्ग सघाउने ।।२५।।
जाँतका रम भवैमा, दुबेको लोककल्प यो ।
एकाकार हुँदाखेरि, शमशाम्य समान भो ।।२६।।

*नोटः यो कविता जाँतको विषयमा लेखिएको हो । जाँत सुदूरपश्चिमको एक छुट्टै पहिचान बोकेको मेला पर्वमध्येमा पर्छ । यो पर्व वर्षको दुई पटक वा एकपटक हुने गर्छ । यसमा त्यहाँका केही स्थानीय शब्दहरू पनि मिसाइएको छ ती शब्द हरूको अर्थ तल दिइएको छः*

*जाँतः स्थानीय भषामा कुलदेवता पुजिने र मेला लग्ने दिन*
*जँत्यारु : जाँत हेर्न जाने मान्छेहरू*
*जाँतहईः जाँतबाट*
*डाणाँकान्ती, लाग्दीभाग्दीः त्यस भेगमा तिथि छुट्याउने स्थानीय तरिका*
*कैलिपाल, बणाल, शिखरः त्यहाँका स्थानीय देउतहरूका नाम*

*Poem*

# Corona!!!



Indra Thapa
California, USA

The lady with a crown
Gliding
With a swish in the air;
She's
Getting wilder
And deadlier
Moment by moment.
The houses
Around her
Turning into morgues;
Panic
Seeping out of nostrils;
The rich left
With the last straw
To clutch
And the poor held
In the grip
Of grim death.
Lady of the crown dares

Dancing
In the midst of
Stinking bodies
And singing
Out of the tunes
Made of
Groans of the dying!
Ghastly sights!
A season of
Dreadful ending of lives!
The lady with a ghoulish mask,
Feeding on the flesh of
The dead and dying!
Gasping
The only sound of the living!
Short shrift!
No time given
For the last breathing
And the last word!
Let me make a dash
And complete
What I have to say
Before
The lady with the face of Medusa
Pounces
On me with a hiss in her hair
And stops
My breathing,
And my words.

***बालकथा***

# आशाजस्ती छोरी



ललिता 'दोषी'

बुद्धनगर, काठमाडौं

सम्पदा र आशा स्कुलबाट घर फर्किंदै थिए । सम्पदाले रुन्चे स्वरमा भनिन्– "आज पनि कक्षामा सरले गाली गर्नुभयो । भगवान्ले मलाई पनि तिम्रो जस्तै बुद्धि दिएको भए हुन्थ्यो नि ! मलाई राम्रो बुद्धि दिएको भए भगवान्को के नै खेर जान्थ्यो र ?"

आशाले सम्झाइन्– "हेर सम्पदा, भगवान्को आशिष् हामी सबैमा बराबर हुन्छ । कुरा यति मात्र हो भगवान्ले पनि मेहनतीलाई मात्र हेर्नुहुन्छ । अल्छीहरूले मात्र भगवान्लाई दोष दिएर पन्छिन खोज्छन् ।"

त्यो त भन्ने कुरा मात्र हो । तिमीलाई सबैले जितकुमारी भनेर त्यत्तिकै भनेको हो र ! जेमा पनि सबैलाई जितिदिन्छयौ । त्यो भगवान्को नै कृपा हो बुझ्यौ ?

आशाले भनिन्– "तिमी ध्यान दिएर पढ् । अनि त भगवान्को कृपा तिमीमाथि पनि बर्सिन्छ । तिमीलाई नआएको कुरा भन म सिकाइदिन्छु ।" यस्तै कुरा गर्दै उनीहरू एकअर्काबाट छुट्टिए ।

अर्को एक दिनको कुरा हो । आशा गहिरो चिन्तामा भएकीले सरले हाजिर गरेको पनि सुनिनन् । सँगै बसेकी सम्पदाले चिमोटेपछि झसङ्ग भएर उठेर 'सरी सर !' भनिन् । केही विद्यार्थीहरू गलललल हाँसे । लाज र सङ्कोचले आशाको अनुहार रातो भयो ।

सरले ठुलो स्वरमा भन्नुभयो– "चुप लाग । हाँसो बन्द गर ।"

हाजिरी सकिएपछि सरले सोध्नुभयो–"होइन, आज तिमीलाई के भयो ? के सोचमा डुबेकी थियौ ?"

पढाइमा सँगै प्रतिस्पर्धा गर्ने रोहनले व्यङ्ग्य गर्दै भने– "सर-मिसहरू जितकुमारीलाई सधैँ फूलजस्तै हाँसिरहन्छिन् भन्नुहुन्थ्यो, आज त ओइलाइछन् भाइ !"

सरले भन्नुभयो– "बढी नबोल । जितु ओइलाउने खालकी होइनन्, फूलजस्तै छिन् । आज एक्कासि के भयो ?"

आशाले उठेर रुन्चे स्वरमा भनिन्–"बुबा एक जना साहुको पसलमा काम गर्नुहुन्थ्यो । त्यो साहु पसल बेचेर कतार जानुभएछ । त्यसैले बाबुको आम्दानी छैन, आमा बिरामी भएर थला पर्नुभएको धेरै दिन भइसक्यो । औषधि खाएन भने खतरा हुन्छ । अब के गर्ने भनेर सोचेकी हुँ त्यसैले ।"

"तिम्रो ठुला बाको सहरमा ठुलो पसल छ भन्ने सुनेको थिएँ, होइन र ?"

"हो सर, हजुरआमा बित्नु भएपछि ठुलाबाले हामीलाई छुट्टै भिन्न गरिदिनुभयो । हामी अलग्गै बसेका छौँ । भाडाको पैसा तिर्न पनि गाह्रो छ ।"

आशाको कुरा सुनेर सबै मौन भए ।

सम्पदाले खुसी हुँदै भनिन्–"बुबाआमालाई लिएर तिमीहरू हाम्रै घरमा आऊ न भइहाल्छ नि ! माहिला दाइ आफ्नो घर धादिङबाट नआएपछि फूलबारी, तरकारी बारी अलपत्र नै छ । हामीले काम गर्ने मान्छे पाएका छैनौँ ।"

सम्पदाको कुरा सुनेर सबै जना वाल्ल परे । सम्पदाजस्ती नपढ्ने केटीले आशालाई काम गर्न बोलाएको सुनेर सबैलाई नमज्जा लाग्यो । सर पनि ट्वाल्ल पर्नुभयो ।

आशाले खुसी हुँदै भनिन्–"हुन्छ हामी आउँछौँ । मेरो बुबाआमा त साह्रै मेहनती पो हुनुहुन्छ । म पनि मेहनत गर्छु नि !" आशाको कुरा सुनेर सबै खुसी भए ।

पर्सिपल्ट भिसमिसे उज्यालोमा आशाका परिवार कोटेश्वरको डेरा छोडी सम्पदाको घर जाउलाखेलमा पुगे । सम्पदाको बाबा मेजर थिए । उनी कुकुर लिएर पैदल घुम्न निस्किन लागेका थिए । आशा र उनका बाबुआमाले मेजरलाई नमस्कार गरे । उनले अचम्म मान्दै भने–"जितकुमारीको प्रशंसा त सधैँजसो सुन्छु । बाह्रतेह्र वर्षको उमेरमा बाबुआमाको जिम्मा लिएकी छचौ अरे ! एकाबिहानै ट्रकभरि सामान लिएर यहाँ किन ?"

मेजर भीष्मको कुरा सुनेर आशा छक्क परिन् । आशाले आँखाभरि आँसु पार्दै भनिन्– "सम्पदाले हजुरलाई केही भनेकी छैनन् ? उनले नै 'हाम्रो घरमा काम गर्न आउनु' भनेर डाकेकी थिइन् ।"

भीष्मले हाँस्दै भने–"ओ आई सी, बल्ल कुरा बुझेँ । तिमीले घरको सम्पूर्ण कुरामा निर्णय गछ्र्यौ भन्ने सुनेको थिएँ । सम्पदाले पनि त्यही देखासिकी गरिछन् । अहिलेका बच्चाहरूलाई के भन्नु ? यो निर्णय रमाले नै लेलिन् । म के भनौँ ?"

मेजर भीष्मको कुराले आशाको मुटुमा कसैले तीर हानेझैँ भयो । उनी आँखाभरि आँसु पारेर उभिरहिन् । आशाको बाबुआमाले कुरा बुझेनन् । छोरीको अनुहार निराश देखेर उनीहरू पनि निराश भए ।

मेजरले आफ्नी श्रीमती रमालाई मोबाइलमा फोन गरेर बोलाए । सम्पदा पनि आमासँगै तल आइन् । आशा र उनका बाबुआमाले नमस्कार गरेपछि रमाले नमस्कार फर्काइन्, साथै घोर आश्चर्यमा परिन् । सम्पदाले हाँस्दै भनिन्– "वाउ ! अब त

जितुसँगै बस्न पाइने भयो । ममीपापा, हजुरहरू अचम्म नपर्नुहोस् । मैले जितुहरूको र हजुरहरूको नै पीर हटाउने काम गरेकी छु । अब जितुहरूले सबै काम गर्छन, बाँरी बाभै भयो भनेर हजुरले टाउको दुखाउनु नै पर्दैन, हैन जितु ?"

आशाले सानो स्वरमा भनिन्–"हजुर, हामी इमानदार भएर काम गर्छौं । हजुरहरूको गुन कहिल्यै भुल्दैनौँ । अहिले हामीलाई धेरै दुःख परेको छ ।"

भीष्म र रमा नै एकअर्कालाई हेरेर मौन भए । सम्पदाले आशालाई अँगालो मार्दै भनिन्–"ममीपापा किन चुप लाग्नुभएको ? सर-मिसहरू सधैँजसो भन्नुहुन्छ–'जितु जहाँ जान्छिन् त्यही बास्ना छर्छिन् ।' अब हाम्रो घर पनि ज्यादै सुन्दर हुन्छ, बुझ्नुभयो ?"

भीष्मले मुसुमुसु हाँस्दै भने– "कुराको भकारी, तिमीले चाहिँ के छर्छ्यौ नि ?"

सम्पदाले अलि सानो स्वरमा भनिन्–"म के छर्छु भनेर सर-मिसले केही भन्नुहुन्न हगि जितु ?"

सम्पदाको कुराले भीष्म र रमा नै हाँसे । रमाले भनिन्–"सम्पदाले जीवनमा यो एउटा राम्रो काम गरेकी होलिन्, हैन सम्पदाको पापा ? सम्पदामा तिम्रो थोरै गुन आए पनि हामीलाई केही चाहिँदैन ।"

भीष्मले 'हजुर' भनेर मुन्टो हल्लाए । रमा र भीष्मकै कुराले आशा साह्रै खुसी भइन् । सामान राख्ने सानो घर देखाएर भीष्म बाहिर गए । रमा माथि उक्लिइन् । सम्पदा आशाको सहयोग गर्न थालिन् ।

मेहनतीले कहीँ दुःख पाउनु पर्दैन भनेझैँ नै भयो । आशाको परिवारलाई पनि मेजरको घरमा खान, बस्न पटक्कै दुःख भएन । घरपछाडि प्रशस्तै जग्गा थियो । त्यसमा तरकारी, च्याउ खेती, विकासे जातका बाख्रा पालन गरे । उनीहरूले मेजरका परिवारलाई राम्रोसँग रिझाए र प्रशस्त आम्दानी पनि गरे ।

एक दिन आशा स्कुलबाट फर्किंदा एक जना मानिसले मेजरसँग कुरा गरिरहेको देखिन् । त्यो मानिसले मैलो र पुरानो कपडा लगाएका थिए । दाह्री पनि झुम्म पालेका थिए । उनलाई

त्यो मानिस चिनेजस्तो लाग्यो । उनले कोठाबाहिर ढोकैमा बसेर कुरा सुनिन् ।

मेजर भन्दै थिए–“तपाईंको भाइबुहारी र सानी छोरी पनि साह्रै मेहनती छन् । उनीहरूले मेहनत गरेको देखेर मेरो बिग्रिएका छोराछोरी अहिले पढ्नदेखि लिएर सबै कुरामा राम्रा भएका छन् । ‘राम्रो मान्छेले नर्कमा गए पनि त्यसलाई स्वर्ग पार्छ’ भनेको ठीक नै रहेछ । अहिले आफैँले भोगेर थाहा पाएँ बुझ्नुभयो ? हामीहरूले उनीहरूको ऋण तिर्न नै सक्दैनौँ ।”

मेजरले भनेको कुरा सुनेर त्यो मानिसको आँखाभरि आँसु छचल्कियो । उनले सानो स्वरमा भने–“हजुरहरूले हीरालाई चिन्नुभयो र सबै पाउनुभयो, मैले चिनिनँ र निकालेँ । ‘पाप धुरीबाट कराउँछ’ भन्थे त्यस्तै भयो । फेन्सी सामानको ठुलो पसल थियो । पैसा कमाएर के गर्नु छोरा कुलतमा लाग्यो, छोरीको पनि त्यही चाल छ । सम्पदा त भन्थिन्–‘हामीलाई ननिकाल्नुहोस् । हाम्रो पाप लाग्ने छ । सँगै बस्यौँ भने हामी कोही पनि बिग्रिने छैनौँ । त्यो बच्चीले त पसलको बिमा गर्नसम्म सल्लाह दिएकी थिइन् । त्यसो भन्दा मैले उनलाई हपारेँ । बिजुली सट भएर पसल पनि ध्वस्त भयो । बिमा गरेको भए आज हामी ‘घरको न घाटको’ हुने थिएनौँ । अर्ती भन्ने कुरा सानाको पनि मान्नुपर्ने रहेछ । बुद्धि पुगेन ।”

त्यो मानिसको कुरा सुनेर आशाले आफूलाई रोक्न सकिनन् । उनले ‘ठुलो बा !’ भन्दै दीपकलाई अँगालो हालिन् ।

मेजरले सबै दृश्य छक्क परेर हेरिरहे । आफू र आफ्नो परिवारलाई दुःख दिने ठुलो बुबालाई पनि आशाले त्यसरी माया गरेको देखेर उनको आँखा रसायो ।

आशाको ठुलो बा दीपकले आँखाबाट झरेको आँसुलाई पुछ्दै भने– “मेजरसाहेब, हजुरकहाँ आएर मैले मेरो हराएको संसार भेट्टाएँ । माफ गर छोरी, अब भाइबुहारीसँग माफ माग्छु ।”

मेजरले मनमनै सोचे– 'बल्ल तिम्रो घैँटोमा घाम लागेछ ।' मुखले चाहिँ 'ठीक सोच्नुभयो' भन्दै हिँडे ।

आशाले 'माफ माग्नु पर्दैन' भन्दै ठुलो बुबालाई आफ्ना बाबुआमासँग भेट गराउन लगिन् । एकअर्कालाई देखेर सबै खुसी भए । दीपकले इसारामै भाइबुहारीसँग माफ मागे । आशाका बाबुआमाले इसारामै 'केही छैन्, हामी खुसी छौँ, मालिकमालिक्नी साह्रै राम्रा छन् । आशा ठुली मान्छे हुन्छिन्' भन्न पनि बाँकी राखेनन् ।

पाँच वर्षपछि उनीहरूको भेट भएको थियो । त्यतिखेरसम्म आशाका परिवारले कमाएको पैसाले मेजरले लामाटारमा तीन आना जग्गा किनिदिएका थिए । लाटालाटी भाइबुहारीले प्रगति गरेको सुन्दा दीपकलाई कुनै ईर्ष्या लागेन, बरु हर्षको आँसु झर्‍यो । धेरै बेर दुःखसुखका कुरा गरे । आशाले ठुलो बाबुलाई मन पर्ने आलुको अचार, चिउरा र दही खाजा दिइन् । सबैले मीठो मानेर खाजा खाए । आशाजस्ती छोरीलाई जन्म दिने भाइबुहारीलाई मनमनै प्रणाम गरे दीपकले । सबैसँग बिदा भएर दीपक खुसी हुँदै आफ्नो बाटो लागे । आशा र उनका बाबुआमाले पनि उनी गएतिर हेरिरहे ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
सगरमाथा जनता मावि ओखलढुङ्गा

*लघु कथा*

# हत्या



देवीप्रसाद थापा

गाउँ निकै बाक्लो थियो। प्राय गोठ पाल्ने जमातको त्यहाँ बसोबास थियो ।

धर्मलाल एकमात्र पुरोहित थिए। कहिले यता पूजापाठ । कहिले उता ग्रहजाप । कहिले फलानाकामा किरिया । कहिले ढिस्काकामा वैतरणी। उनलाई भ्याइ नभ्याई हुन्थ्यो ।

गर्दा गर्दै उनका गाई र बाछाबाछी गाउँलेहरूका भन्दा बढी भए ।

एकजना गोठालो चाहियो ।

च्याँख्ले माइलालाई गोठालो राखे ।

हुँदै जाँदा एकदिन दाम्लामै एउटा दुधे बाछी मर्‍यो ।

केही गाउँले र गोठालाहरू भेला भए । निकैबेर वादविवाद भयो ।

अन्ततः पाँच दिन जुठो बार्ने निर्णयमा पुगे ।

धर्मलालले माइलालाई भने, “हेर माइला ! बेलुकी तैँले बाँधेको बाछी हो । हत्या तँलाई लाग्छ । त्यसैले जुठो तैँले बार्नुपर्छ” ।

माइलो एकछिन मौन रह्यो र बोल्यो, “जुठो त तेह्रै दिन भए पनि बरौँला नि पुरोहित बा, तर मलाई एउटा कुराचाहिँ उदेक लाग्छ” ।

ऊ चुपचाप उभियो ।

गाउँका मुखियाले माइलालाई प्रश्न गरे, “के उदेक लाग्छ तँलाई ? गौ भनेको श्रेष्ठ प्राणी हो। जुठो लाग्छ” ।

“त्यो त मलाई पनि थाहा छ मुखिया बा, तर यी गोठका गोठ उता सप्लाइ जाने गाईको चाहिँ कसलाई लाग्छ” ? माइलाले प्रश्न राख्यो ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् . हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
रुम्जाटार मावि, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका *मोलुङ ज्ञानप्रवाहले* देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
हिमालय मावि निसंखे, ओखलढुङ्गा

*संस्मरण/अनुभूति*

# भूत



**डा. झमकप्रसाद शर्मा**
निवृत राष्ट्रसेवक, संखुवासभा
हाल गट्ठाघर, भक्तपुर

तर्साउने र भूतप्रेतप्रतिको विश्वास मेरो मानसपटलबाट निमिट्यान्न भएको २०३१ सालदेखि हो । त्योभन्दा पहिले मेरो मानसिकता भूतप्रेतबाट मज्जैले ग्रसित थियो । भूतप्रेतका बारेमा सुनेका बिभिन्न मिथक, सत्य घटना भनिएका कतिपय भूतका कहानी लगायतले दिमागमा बलियो जरा गाडेको थियो । भूतप्रेतको कुराकानी हुँदा एकदिन बुबाले भन्नुभएको थियो - कसैकसैले मरेका मान्छेलाई दिउँसै बिपनामा पनि देख्छन् तर यसरी देख्नेहरू लाखौंलाखमा एकजना मात्र हुन्छन् । मरेको मान्छेलाई बिपनामा देखियो भने त्योसँग बोल्नु हुँदैन, उसले बोलायोभने पनि चुप्प लाग्नुपर्छ र त्यहाँबाट हिँडीहाल्नुपर्छ । झुक्किएर बोल्योभने त्यो मान्छे तुरुन्तै रगत छादेर मर्छ । त्यसरी देखेको कुरा अरुलाई भन्नु पनि हुँदैन, भन्यो भने पनि तत्कालै रगत छादेर मर्छ । तर्साउनेका बारेमा पनि बुबाले भन्नुभएको थियो - तर्साउनेले कहिलेकहीं राती आफूले चिनेजानेका मान्छे बोलेजस्तै गरेर बोलाएर तर्साउँछ, तर्साउने देख्न चैं देखिँदैन । तर्साउनेले एकपल्ट मात्रै बोलाउँछ, दोहोऱ्याएर बोलाउँदैन । त्यसैले राती कसैले बोलायो भने पहिलोपल्ट बोलाउँदा दोहोऱ्याएर बोलायो भने मात्र बोल्नुपर्छ ।

हाम्रो गाउँमा जिम्मावाल मुखिया खलकका तीन घर थिए- जेठो मुखिया, माहिलो मुखिया र कान्छो मुखिया । कान्छा मुखिया

कर्णबहादुर कार्कीलाई म काका भन्थेँ, बाँकी दुई जनालाई बडबा । कान्छा मुखियाका छोरा तेजबहादुर कार्की मभन्दा अलिक जेठै थिए, म फुच्चे छँदा नै लक्का जवान भैसकेका । हाम्रा घरमा आइरहन्थे, मलाई भाइ भनेर खुबै माया गर्थे । तेज बहादुर दाजुको बिहे गरेको त्यस्तै एकाध वर्ष मात्र भएको थियो, उनी आसाम घुम्न गए । दैवको लीला कसले जान्दछ र ? आसाममा नै उनको देहावसान भएको खबर आयो । त्यस्तो होनहार युवकको असामयिक निधनबाट सारा गाउँ शोकमा डुब्यो । त्यो घटना हुँदा म कक्षा ७ मा पढ्दथेँ । त्यतिबेला स्कुलको शैक्षिक सत्र मङ्सिरमा समाप्त हुन्थ्यो, त्यसपछि पुस र माघ दुई महिना हिउँदे बिदा भएपछि फागुनबाट नयाँ शैक्षिक सत्रको पढाइ सुरु हुन्थ्यो । २०२८ साल फागुनमा मेरो कक्षा ९ को पढाइ सुरु भएको थियो । कक्षा ९ र १० को गणितका लागि नेपालबाट छुट्टै पाठ्यपुस्तक तर्जुमा भएको थिएन त्यसैले भारतीय पुस्तकहरू ज्यादवचन्द्र चक्रवर्तीको अर्थमेटिक र केपी बसुको अल्जेब्रा पढाइन्थ्यो । ती दुबै किताब मोटा थिए र दाम पनि मोटै थियो । नयाँ किताब किन्दा महँगो पर्नेभएकाले हामी हाफ दाममा पुराना किताब खोजेर किन्ने प्रयासमा लाग्थ्यौँ । जेठा मुखियाका छोरा कृष्णमान कार्की दाजुले एसएलसी दिइसक्नुभएको थियो, त्यसैले उहाँका किताब हाफ दाममा पाइन्छ कि भनेर सोध्न एकदिन बिहान म उहाँका घरतिर लागेँ । किताबको कुरा हुँदा कृष्णमान दाजुले भन्नुभयो - मेरो एसएलसी बिग्रिइराखेको छ, फेरि परीक्षा दिनुपर्ने छ, एसएलसी पास नभई म किताब नबेच्ने ।

म त्यहाँबाट घर फर्किएँ । समय बिहानको त्यस्तै आठ जति बजेको थियो । जेठा मुखियाका घरबाट माझघरे बड्यामाका आँगनमा पसेर त्यहाँबाट तित्रीको बोट र तेल पेल्ने कोलको बाटो हुँदै म माथितिर उक्लिएँ, कान्छा मुखिया कर्णबहादुर कार्की काकाको मतान पछाडि आइपुगेँ । काका नजिकै बारीका पाटामा हल्काफुल्का काम गर्दै हुनुहुन्थ्यो । म त्यसपछि फरिकाको नजिकै आइपुगेँ, मेरा आँखा मूल झिँगटीघरको बरन्डामा परे, बरन्डाका बारमा दुबै हात टेकाएर तेज बहादुर दाजु उभिइरहेका थिए, मलाई देखेर मुसुक्क हाँसे । डेढ वर्ष जति पहिले मरेको मान्छेले मसँग आँखा जुधाउँदे बरन्डामा उभिएको देखेपछि मेरो सातोपुत्लो गयो । म डरले थर्कमान भई परक्कै मुन्टो

बटारेर गुटुटु कुध्दै घरतिर दौडिएँ । अरुलाई सुनायो भने रगत छादेर मरिन्छ भन्ने डरले कसैलाई भनिन, मनको मनमै राखिछाडेँ ।

त्यसपछि म कक्षा ९ मा पढ्दैगर्दा २०२९ सालको कुरो हो । मेरो साथी नगेन्द्र कार्कीको घरमा बोलाउने नाम कान्छा । गाउँमा अरु पनि धेरैजना कान्छाहरू भएकाले गाउँघरकाले चैँ चाङ्घरको कान्छो भन्थे । हामीबिच गहिरो दोस्ती थियो, सँगै स्कुल जाने र आउने गर्थ्यौं, स्कुलबाट फर्किएपछि पनि भरसक छुट्टिदैनथ्यौं । आआफ्ना घरमा खाना खाएपछि फेरि भेट भएर बेलुका मजासँग गफिएर सँगै सुत्थ्यौं । हामीलाई पढ्न र निर्धक्कसँग गफ गर्न एकान्तस्थल चाहिन्थ्यो र त्यसका लागि हामीले मेरा घरको मतान रोजेका थियौं किनकि त्यहाँ अरु कोही पनि सुत्दैनथ्यो र जस्ताखाले गफ गरे पनि कसैले सुन्दैनथ्यो । बेलुका हामी मतानमा भेला भएपछि एकछिन पढ्थ्यौं, त्यसपछि इत्रिने, गफ गर्ने, चल्ने, जिस्किने लगायतका काम हुन्थे । बिजुलीको त कुरै भएन, घरमा लाल्टिन पनि थिएन, कुपी बालेर पढिन्थ्यो, गफ गर्दा चैँ मटितेल जोगाउन कुपी निभाइन्थ्यो ।

नगेन्द्रका दाजुको नाम पर्शुराम कार्की (हाल दिवंगत) थियो, घरमा बोलाउने नाम चैँ गोबिन्दे । गाउँघरकाले चाङघरको गोबिन्दे भन्थे । म चाहिँ सामु परेका बेला पर्शुराम दाजु भन्थेँ, पछाडि कुरा गर्दा गोबिन्दे दाजु । मलाई असाध्य माया गर्ने गोबिन्दे दाजु हुलाकमा जागिर खान्थे अनि कहिलेकहीँ हुलाकमा प्रापक फेला नपरेर बेवारिसे भएका चीन (सचित्र), सोभियत भूमि, स्वतन्त्र विश्व आदि पत्रिकाहरू मलाई पनि ल्याइदिन्थे, म दङ्ग पर्दै ती पत्रिका किताबमा गाता हाल्थेँ ।

सदा झैँ त्यस दिन बेलुका पनि नगेन्द्र र म हाम्रो मतानमा भेला भयौं । कुपी बाल्न खोजेको तेल सकिएको रहेछ । संजोगले त्यसदिन घरमा मटितेल पूरै सकिएको रहेछ त्यसैले कुपी बाल्नै पाइएन, पढ्नु पनि परेन । हामी दुबै सुत्यौं र मस्तसँग अल्लारे गफ गर्न थाल्यौं । समय रातको दश जति बजेको थियो, गाउँमा पूरै चकमन्न भैसकेको थियो । त्यतिबेलै हाम्रो घरबाट करिब पाँच सात सय मिटर टाढा रहेको नगेन्द्रको घरबाट गोबिन्द दाजु कराएको सुनियो - ए ......कान्छा ....। दाजुले बोलाएको सुनेपछि नगेन्द्र जुरुक्क उठे, म पनि उठेँ । तर त्यसपछि गोबिन्दे दाजुले फेरि नबोलाएकाले हामी दुबै सुत्यौं । हाम्राबिच भूतको कुराकानी पनि भयो, राती कसैले एकपल्ट मात्रै

कराएर बोलायो भने भूतले अर्काको बोली नक्कल गरेर बोलाएको हुन्छ, त्यस्तोमा आफूले बोल्नुहुँदैन भन्ने कुराकानी गर्दै हामी निदायौँ । भोलिपल्ट नगेन्द्रले घर गएर गोबिन्दे दाजुलाई सोधे - ए दाजु, हिजो राति तपाइँले मलाई बोलाएको हो ?

गोबिन्दे दाजुले भने - केको बोलाउनु ? हिजो तँ हिँड्ने बित्तिकै म पनि खाल्लेमा धामी बसेको हेर्न गएर उतै सुतेको । अहिले बिहान भर्खर उठेर आउँदै छु । त्यसपछि हामीलाई पक्का भयो, नगेन्द्रलाई भूतले बोलाएको रहेछ, नगेन्द्र बोलेको भए बर्बाद हुनेरहेछ ।

समय बित्दै गयो, २०३० सालको एसएलसी दिएर फुर्सद भएपछि अन्धविश्वास निवारण गर्ने खालका विभिन्न किताबहरू पढेर २०३१ सालसम्ममा म अन्धविश्वासमुक्त भैसकेको थिएँ । मनबाट भूतप्रेत, धामीझाँक्री, देवीदेउता सबै थोकप्रतिको विश्वास समाप्त भैसकेको थियो र ती सबैप्रति आक्रामक भएको थिएँ । केटौले उग्रताबाट प्रेरित भई म धामीझाँक्री, भूतप्रेत, देवीदेउताको अस्तित्वउपर चुनौती दिँदै तिनका खिलाफमा अनेक थरी उपद्रो समेत गर्न थालिसकेको थिएँ अनि ती सब अन्धविश्वास हुन् भन्दै अरुसँग गफ लगाउने भैसकेको थिएँ । तेजबहादुर दाजुसम्बन्धी घटना पनि आँखाको भ्रम मात्र हो भन्ने विश्वास पक्का भैसकेको थियो त्यसैले त्यो घटना पनि अरुलाई सुनाउन थालेँ । एकदुई जनालाई त्यो घटना सुनाएँ र भूमिका बाँधेँ - त्यसरी देखेको मेरो आँखाको भ्रम मात्रै थियो, त्यो सुनाउँदा खै त म रगत छादेर मरेको ? जबाफमा बुढापाकाहरू यसो भन्थे - तँ भूत हुँदैन पनि भन्छस्, मरेको मान्छेलाई बिपनामा देखेको पनि भन्छस् । तेरो कुराबाटै भूत हुँदोरहेछ भन्ने कुरा प्रमाणित भइहाल्यो नि ।

यसो विचार गरिहेरेँ, त्यो कुरामा दम छ । त्यो घटना सुनाउँदा उल्टै भूतको अस्तित्वलाई टेवा पुग्ने बुझेपछि अरुलाई सुनाउन छाडिदिएँ र भूतप्रेतविरोधी गफ मात्रै दिन थालेँ । तर जति गरे पनि मेरो गफका भरमा अन्धविश्वासबाट मुक्त हुने एकजना पनि निस्किएन । म अझै उग्र भएर अरुलाई देखाउन आधा रातमा चिहानघारीको बाटो हिँड्ने, अनि रिसाएपछि तुरुन्तै एक्सन लिइहाल्ने छ्यात्छ्यात्का भनेर जनमानसमा कहलाएका कतिपय देवीदेउताका थानमा विभिन्न उपद्रो मच्चाउने जस्ता काम गर्न थालेँ । भूत र देवीदेउताले त मलाई

केही पनि गरेनन्, तर मैले जतिसुकै प्रयोगात्मक कारबाही गरेर देखाए पनि भूत र देवीदेउताको अस्तित्वलाई चुनौती दिने मेरो कुरामा सहमति जनाउने एकजना पनि निस्किएन ।

यसैक्रममा २०३२ सालको हिउँद लाग्यो । हाम्रो अबादी खेतमा तौली धानको बिउ राख्ने बेला भएको थियो । बाटाका गराको पश्चिममा बियाड थियो र अबादी खोलाबाट बाटाको गरैगरा कुलो खनेर पानी ल्याइएको थियो । नेपेकान्छो (हाल दिवङ्गत) गोरु नारेर हिल्याउने, म उसको सहयोगी । कुलाबाट खुलुलुलुलु गर्दै पानी आइरहेको थियो । खोलादेखि बियाडसम्म कुलो अन्दाजी ७०-८० मिटर लामो थियो । हामी दुबै बियाडमा थियौँ । हेर्दाहेर्दै कुलामा आइरहेको पानी अचानक स्याप्पै सुक्यो । नेपेकान्छाले मलाई भन्यो - पानी कसैले मारिदिए जस्तो छ । तिमी तुरुन्त खोलामा गएर पानी लगाएर आऊ । म पानी नभएको कुलैकुला हिँडेर खोलामा पुगेँ । मुहानमा पुगेर यसो हेर्छु त पानी कसैले मारेकै थिएन, कुलामा पानी लागिरहेकै थियो, पानी कुलैकुला बगेर बियाडसम्म पुगेकै थियो । म छक्क परेँ । परबाट नेपेकान्छो पनि करायो - पानी त आइराखेकै रहेछ अगि हेर्दा त पानी सुकेको देखिन्थ्यो, के अचम्म भो ?

म फेरि बियाडतिरै आएँ । कुलामा आइराखेको पानी एकैछिन अगि हामी दुबैले कसरी सुकेको देख्यौँ भनेर एकछिन छलफल भएपछि नेपेकान्छाले भन्यो - यो अबादी खोलाको भूतले मध्यान्हको बेला पारेर हामीलाई तर्साएको हो । तिमी तर्साउने हुँदैन भन्थ्यौ नि, हुँदोरछ कि रैनछ त ? म निरुत्तर भएँ ।

यी तीनओटा अपत्यारिला घटना आफैँलाई घटित भए । तैपनि किशोरावस्थामा नै मेरो मनबाट अधिभौतिक वा अधिदैविक कुराप्रतिको आस्था र विश्वास मेटिइसकेकाले त्यो कहिल्यै पलाएन र म आजीवन यस्ता तिलस्मी विषयको खिलाफमा नै रहेँ । भूतप्रेतका बारेमा मैले जानेबुझेका कुरा यसप्रकार छन् :

अक्सर मानसिक रोगीले भूतप्रेत, बोक्सी आदि देखेको अभिव्यक्ति दिने गर्छन् जुन उनीहरूको मानसिक विकृतिले गर्दा उत्पन्न भ्रम हो । भूतप्रेतप्रति विश्वास गर्ने मान्छे राती एक्लै मसानघाट वा

निर्जनस्थलमा पुग्यो भने उसको अवचेतन मनमा अवस्थित डरको कारणले भूतको अनुभूत गर्ने सम्भावना हुन्छ ।

कहिलेकहीँ चिहानघारी वा अरू ठाउँमा पनि रातमा राँकेभूत देखिन्छ त्यो भूत नभएर रासायनिक प्रतिकृयाबाट उत्पन्न भएको प्रकाश हो जुन दिउँसो उज्यालोका कारणले देखिँदैन, रातको अँध्यारोमा देखिन्छ । मानिस वा जनावरको मृत शरीर वा झारपात कुहेपछि त्यसबाट फस्फोरस निस्कन्छ र त्यसपछि फोस्मिन भन्ने ग्याँसमा परिणत भएर हावाको संसर्गमा आउनासाथ अक्सिजनसँग रसायनिक प्रतिकृया भएर बल्न थाल्छ अनि हावाको चालमा यताउता चलायमान हुन्छ, त्यो नै राँकेभूत हो ।

रातमा बाटो हिँड्दा काठको ठुटो वा ढुङ्गालाई कहिलेकाहीँ भूत जस्तो देखिन्छ ।

रातमा सिरुको जरा, कुशको जरा, कुनै कुनै काठको टुक्रा जूनकिरी जस्तै चम्किन्छन् त्यसलाई पनि भूत भन्ने ठानेर मानिस डराउने सम्भावना रहन्छ ।

रातमा मुसा वा अन्य जीवजन्तु हिँड्दा निस्कने खस्याकखुसुक आवाजले पनि भूतको आभास दिनसक्छन् ।

जुनेली रातमा एक्लै एकान्तको बाटो हिँड्दा आफ्नै छाया वा बोटबिरुवाको छाया भूत जस्तै देखिन सक्छ ।

धामीझाँक्रीले कामेर र उफ्रिएर देखाउने हाउभाउ उनीहरूको स्नायुप्रणालीमा उत्पन्न भएको एक किसिमको असामान्य अवस्था हो जसले कहिलेकाहीँ असाधारण ऊर्जा प्रदान गरेर उत्तेजित बनाइदिन्छ र उनीहरू असाधारण तवरले काम्ने र उफ्रने गर्दछन् ।

धामीले फलाकेर बिरामी निको पारेको सम्बन्धमा बिरामीले धामीप्रति गरेको अगाध विश्वासका कारणले कहिलेकाहीँ बिरामीका शरीरमा रोग प्रतिरोधक क्षमताको विकास भएर रोग निको हुन्छ, कहिलेकाहीँ

निश्चित समयपछि आफैँ निको हुने खालको रोग परेछ भने आफैँ पनि निको हुन्छ जसलाई धामीले निको पारेको मानिन्छ।

यसबाहेक धामीले बिरामीका सामु ढ्याङ्ग्रो, झ्याम्टा, घन्ट आदि बजाएर विशेष प्रकारको लय हालेर फलाक्ने पद्धतिलाई आधुनिक चिकित्सा प्रणालीमा ध्वनिचिकित्सा वा साउन्ड थेरापी भनिन्छ र यसबाट पनि बिरामीले कहिलेकहीँ रोगप्रतिरोधक क्षमता प्राप्त गर्दछ र रोग निको हुन्छ भन्ने मान्यता रहेको छ ।

समाजमा गरिबगुरुबा, दुख पाएका, लोग्नेले हेला गरेका, बिधवा, बेसहारा, कुरूप, बुढी भएका आइमाईलाई बोक्सीको आरोप लगाउने चलन छ । जसलाई गाउँसमाजले बोक्सीको दर्जामा राखेको हुन्छ, त्यस्ती महिलालाई कुनै अशुभ घटना भएमा उसैले घटाएको हो भनेर आरोप लगाइन्छ । त्यस्ती महिलालाई देखेपछि मनोवैज्ञानिक त्रासको कारणले गर्दा सद्दे मान्छे पनि बिरामी हुने, बिरामी छ भने झन् बिरामी हुने सम्भावना रहन्छ ।

भूतप्रेतले अहिलेसम्म कसैलाई पनि कुटपिट वा अपहरण नगरेकाले पनि भूतको भौतिक अस्तित्व छैन भन्ने प्रमाणित हुन्छ । श्रीलङ्काका डा. अब्राहम टी कोबुर (सन् १८९८–१९७८) ले सन् १९६३ देखि उनको जीवनकालभरि लगातार भारत र श्रीलङ्काका प्रमुख अखवारहरूमा सार्वजनिक सूचना नै प्रकाशित गरी भूतप्रेत, दैवीशक्ति, जादुटुना, तन्त्रमन्त्र आदिको अस्तित्व प्रमाणित गरेर देखाउनेलाई श्रीलङ्काको मुद्रा एकलाख पुरस्कार दिने घोषणा गरेका थिए तर कसैले पनि उनको चुनौती सामना गर्न सकेनन् । तैपनि मैले यहाँ उल्लेख गरेका मलाई नै घटित तीन ओटा घटनाको रहस्य बारे भने म द्विविधामा नै छु । तेजबहादुर दाजुलाई बरन्डामा देखेका बेला मेरो मनले उहाँलाई सम्झिएको वा मनमा कुरा खेलेको थिएन, म त छिटो घर पुगी खाना खाएर स्कुल जाने सोचमा मात्रै थिएँ । मरिसकेको मान्छेलाई अचेल पनि त्यसरी बिपनामा देख्न पाए बोलाएर सन्चोबिसन्चोको हालखबर सोध्ने थिएँ, तर फेरि त्यस्तो मौका कहिल्यै आएन । गोबिन्दे दाजुले बोलाएका बेला पनि नगेन्द्र र म गफमा मस्त

थियौं, डराएको वा मनमा भूतसम्बन्धी कुरा खेलेको अवस्था थिएन । दुई जनाले एकै समयमा एउटै आवाजको अनुभूति गरेको त्यो घटना अनि नेपेकान्छो र म दुईजनाले अबादी खेतमा कुलाको पानी सुकेको अवास्तविक दृश्य अनुभूति गरेको घटना चैं अनौठो नै लाग्छ । भूतसँग डर नलागे पनि त्यो कसरी भयो भन्ने जिज्ञासा मेरो मनमा अहिले पनि छँदै छ र त्यसको चित्तबुझ्दो उत्तर खोजिरहेकै छु ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका *मोलुङ ज्ञानप्रवाहले* देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् ! हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
प्रबुद्ध मावि च्यानम, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् . हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
गणेश मावि ढुस्के, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
गैरीशंकर मावि रामेछाप

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
मन्थली मावि रामेछाप

*आलेख*

# बालकविता कसरी लेख्ने ?



**डा. देवी नेपाल**
नेपाल प्रज्ञा प्रतिष्ठान

## १. विषय प्रवेश

बालसाहित्यभित्र कविता, काव्य, कथा, उपन्यास, गजल आदि सबै विधाहरू पर्दछन् । बालबालिकालाई लक्षित गरी लेखिएका कविता नै बालकविता हुन् । सामान्यत: १२ वर्षमुनिकालाई बालबालिका र १६ वर्षमुनिकालाई किशोरकिशोरी भन्ने गरिन्छ तर समग्रमा बालकविताभित्र १२ वर्षमुनिको अनुभूतिको बढी र १६ वर्षमुनिको किशोर अनुभूतिको कम प्रतिनिधित्व भएको पाइन्छ । कविता विधा त्यति बेला मात्र सफल हुन्छ, जति बेला त्यसमा सबै उमेरसमूहका विचार, भावना र अभिव्यक्तिहरू फरक फरक सन्दर्भमा समेटिएर आउन थाल्छन् । नेपाली कविता अहिले अन्य सबै कुराले पूर्ण भए पनि यसमा बाल अनुभूति र अभिव्यक्तिको मात्रा जति आउनुपर्ने हो त्यति आएको

देखिँदैन । आएका बालकविताहरूमा पनि प्रौढ विचार, चिन्तन र शैलीको बाहुल्य पाइन्छ । यसको कारण उमेरगत सोच, चिन्तन र अनुभूतिको ज्ञान, भाषिक प्रयोग र बालसुलभ लयविधानको ज्ञानको कमी हो । स्रष्टा त्यही उमेरसमूहमा ओर्लन नसकेसम्म बालकविताको सिर्जना असम्भव छ ।

बालसाहित्यको जन्म दुई तरिकाले हुन्छ । एउटा बालकले लेख्ने साहित्य र अर्को बालकका लागि लेखिने साहित्य । बालकले सिर्जना गरेको साहित्यमा उसको उमेर, रुचि, भाषिक क्षमता आदिको अभिव्यक्ति जस्ताको तस्तै हुन्छ भने प्रौढ स्रष्टाले बालकका लागि लेख्ने साहित्यमा स्रष्टा एकपटक त्यही उमेरसमूहमा ओर्लनुपर्छ र तदनुकूल विषय, विम्ब र भाषाको छनोट गरी रचनामा पोखिनुपर्छ । यस कारण बालकले लेख्ने बालसाहित्यभन्दा बालकका लागि लेखिने बालसाहित्यको सिर्जना जटिल कार्य हो । यस लेखमा यी दुवै कुराका केन्द्रीयतामा रहेर केही सान्दर्भिक परिचर्चा गरिएको छ ।

## २. विषय र अनुभूतिमा उमेरको प्रभाव

सिर्जनामा स्रष्टाको उमेरले प्रभाव पार्नु स्वाभाविक मानिन्छ । सामान्यतः मनोवैज्ञानिक रूपमा हेर्दा स्रष्टाको शाश्वत अनुभूति सिर्जनामा मुखरित भएर आउने हुनाले ऊ बाँचेको युग, जीवन र उमेरगत सोच पनि रचनामा आउनुलाई अनौठो मानिँदैन । ४ देखि १० वर्षसम्मका बालबालिकाले मन पराउने विषय फूल, पुतली, जुनकिरी, जून, घाम, खरायो, चरो, मुसो, बिरालो, कुकुर, पाठो आदि हुन् । उनीहरूलाई केही रचनाहरू सुनाउनुपर्‍यो भने पनि यस्तै रचनाहरू सुनाउनुपर्छ र केही लेख्न लगाउँदा पनि उनीहरू यिनै विषयमा लेख्न चाहन्छन् । ११ देखि १५ वर्षसम्मका बालबालिकालाई देशभक्तिले अलि बढी प्रभाव पारेको देखिन्छ । उनीहरूलाई केही लेख्न लगायो भने 'म ठुलो मान्छे बन्छु, देशका लागि केही गर्छु, देशका लागि मर्छु' जस्ता कुराहरू अभिव्यक्त गर्न थाल्छन् । १६ देखि लगभग ३० वर्षसम्मका

युवाहरूलाई प्रेम र जीवनप्रतिको निराशाले बढी प्रभाव पारेको देखिन्छ । उनीहरूले केही लेख्नुपऱ्यो भने 'म तिमीबिना मरिहाल्छु, बाँचे पनि तिमीसँगै र मरे पनि तिमीसँगै, यो जिन्दगी बेकार हो, मलाई बाँच्नभन्दा मर्न मन लाग्छ' जस्ता प्रेम र निराशाका अभिव्यक्तिहरू दिन थालिहाल्छन् । ३१ देखि ६० वर्षसम्मका गृहस्थहरूलाई जीवन भोगाइ, समाज, युग, विश्वपरिवेश, राजनीति, सामाजिक दायित्व आदि कुराले प्रभाव पारेका हुन्छन् । त्यसैले उनीहरूका रचनामा बढीभन्दा बढी त्यस प्रकारका अभिव्यक्तिहरू आउने गर्छन् भने ६० वर्षमाथिका वृद्धहरूमा केही जीवन बोध, केही निराशा, केही संवेदनशीलता र केही जीवन भोगाइसँग जोडिएका उपदेशात्मक पक्षहरू मुख्य रूपमा आउने गर्छन् । त्यसैले एउटै विषयलाई हेर्ने उनीहरूको दृष्टिकोण फरक फरक हुने गर्छ । *'जून वा चन्द्रमा'*लाई देखेपछि विभिन्न उमेरसमूहका स्रष्टाहरूले गर्ने अनुभूति र अभिव्यक्तिलाई यसरी हेर्न सकिन्छ :

**बाल अनुभूति**

मलाई पनि आकाशमा लैजाऊ जून मामा
मलाई पनि किनिदेऊ न तारा भा'को नाना !

**युवा अनुभूति**

खल्लो लाग्न थाल्यो जीवन नुन बनी तिमी आऊ
अँध्यारो छ यो जिन्दगी जून बनी तिमी आऊ ।

**गृहस्थ अनुभूति**

जूनजस्तै चम्किएर ज्योति छर्न सके
मान्छे अमर हुन्थ्यो होला केही गर्न सके !

**वृद्ध अनुभूति**

मूल्यहीन भै सड्नुपर्छ एक दिन सुनले पनि

प्रकाशहीन भै झर्नुपर्छ एक दिन जूनले पनि ।

यो उमेरले पार्ने प्रभाव हो तर विचारको प्रभाव छुट्टै हुन्छ जसको सम्बन्ध उमेरसँग हुँदैन । तर उमेरले चाहिँ अनुभूति र अभिव्यक्ति दुवैमा प्रभाव पार्ने हुनाले स्रष्टाले जुन उमेरसमूहका लागि सिर्जना गर्ने हो, त्यही उमेरसमूहमा ओर्लिएर वा उक्लिएर अभिव्यक्ति दिन सक्यो भने मात्र पाठकीय विश्वसनीयता प्राप्त गर्न सकिन्छ । यसका लागि छनोट गरिने विषय, अभिव्यक्ति दिने भाषा, कलात्मक बनाउन प्रयोग गरिने विम्ब, प्रतीक, अलङ्कार र सङ्गीत सिर्जनाका लागि आवश्यक लयविधान आदिमा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

## ३. बालकवितामा प्रयोग हुने भाषा, विम्ब, प्रतीक र अलङ्कार

बालकविता बालकका लागि हो त्यसैले यो नितान्त बालसुलभ हुनुपर्छ । यसमा प्रयोग हुने भाषा अत्यन्त सरल, कोमल र बालबोलीअनुकूल हुनुपर्छ ।

न्वाइन्वाइ गरी तेते लगाई छुनुमुनु गर्छु म त
बुबुमाम हाम्म गरी चाँडै नुनु गर्छु म त ।

यसरी बालकवितामा बालक आफैँले गर्ने क्रियाकलाप र बोल्ने बोलीलाई समेट्न सकियो भने त्यो उसका लागि विश्वसनीय हुन्छ र रचनाप्रतिको उसको मोह पनि बढ्दै जान्छ । हुनत, सिर्जनामा बालबोलीको प्रयोग नगरी बालअनुभूतिको सरल प्रस्तुति हुनुपर्छ भन्ने मान्यता पनि पाइन्छ तर बालबोलीमा आत्मीय भाव पाइने हुनाले कृत्रिमताबाट बचाएर बालबोलीको प्रयोग गर्दा त्यति फरक पर्दैन । बालबालिकाले साहित्यलाई अलौकिक रचना र स्रष्टालाई अलौकिक शक्ति मानेका हुन्छन् । उनीहरूका मनमा यस्तो भावना जागृत हुनुको कारण रचना नबुझ्नु हो । स्रष्टाले उनीहरूलाई थाहै नपाउने गरी सिर्जनात्मक स्वाद चखाइदिन सक्नुपर्छ र 'यो त मेरो अनुभूति पो हो त' भन्ने अनुभव बालकले गर्‍यो भने मात्र उसले त्यस्तो रचनालाई मन

पराउँछ । यस अर्थमा स्रष्टा बालरचनामा उपदेशक, शिक्षक होइन, भावनात्मक खेलका लागि साथी बनिदिनुपर्छ ।

बालकविताका विषय, विम्ब र प्रतीकहरू बगैँचा, फूल, पुतली, जुनकिरी, बाल्य खेल, जून, खरायो, चरो, मुसो, बिरालो, कुकुर, पाठो आदि र तिनैसँग सम्बन्धित बाल भावनाअनुकूल उदाहरणहरू हुन सक्छन् तर यी विषय र विम्बहरू मात्र समेट्दा त्यो रचना बालरचना बन्दैन, तदनुकूल भाषाशैलीको समेत अपेक्षा गरिन्छ ।

बगैँचा हो जिन्दगी यो फूल बनी फुल्नुपर्छ
स्वतन्त्रता प्यारो हुन्छ पुतली भई डुल्नुपर्छ ।

यस भनाइमा बगैँचा, फूल, पुतली जस्ता कुराहरू सान्दर्भिक रूपमा आएका छन् तर यो बालरचना होइन । बालकले बगैँचालाई जिन्दगीसँग जोडेर हेर्न पनि सक्दैन, जीवन फूल बनेर फुल्नुपर्ने कुराको अर्थ पनि बुझ्दैन र स्वतन्त्रता भनेको के हो ? किन प्यारो हुन्छ ? र त्यसको पुतलीसँग के सम्बन्ध छ ? भन्ने कुरा पनि बुझ्दैन । बालक पुतली उडेको देखेर मख्ख पर्न जान्दछ, उसलाई समाउन चाहन्छ, उसलाई साथी बनाउन चाहन्छ, ऊसँगै खेल्न चाहन्छ, ऊसँगै डुल्न चाहन्छ, पुतलीका रङ्गीचङ्गी पखेटा बालकलाई मन पर्छन्, ऊ त्यस्तै लुगा लगाउन चाहन्छ, पुतली फूलमा बसेको देख्दा बालक खुसीले नाच्छ । यस्तै यस्तै कुराहरूलाई उमेर र क्षमताअनुकूल भाषाको प्रयोगबाट प्रस्तुत गर्न सकियो भने मात्र त्यो बालकविता बन्छ ।

बालबोलीको स्वाभाविक प्रयोग बालकविताका लागि राम्रो मानिन्छ । बालकले कुन वस्तुलाई के भन्छ ? त्यही शब्द बालबोली हो । यस्ता प्रकारका शब्दहरू शब्दकोशमा पनि बालबोली नै भनेर राखिएका हुन्छन् । बालकविताका स्रष्टालाई यस्ता खाले बालबोलीका बारेमा ज्ञान हुनु आवश्यक छ । बुबु (दुध), माम ( भात), नाना (लुगा), चाचा (पैसा/चुरा), चिची (मासु), पापा ( मिठाई), मने (पाठो), भौ-भौ (ठुलो कुकुर), पपी (सानो कुकुर), बब (गाई/गोरु), सुरी म्याउँ (बिरालो), चीँचीँ (मुसो), हाकी हाकी/हाकु

हाकु (दुवै हात अगाडि सारेर बालकलाई बोलाउनु), फुइ (आगो), पा (पानी), तेते (तेल), न्वाइन्वाइ (नुहाउनु), छुनुमुनु (नाच्नु), नुनु गर्नु (सुत्नु), हाम्म गर्नु (खानु), दादा (दाजु), बुङ्ग हुनु (लड्नु), पाइया (पिटाइ) जस्ता शब्दहरूलाई विषय र सन्दर्भ मिल्ने गरी प्रयोग गर्न सकियो भने त्यो कविता बालकविता बन्छ तर यस्तै यस्ता शब्दहरूको जबर्जस्ती थुप्रो लगाउँदा चाहिँ त्यो बालकविता साँच्चै कृत्रिम बन्ने गर्छ ।

## ४. बालकवितामा प्रयोग हुने लयहरू

कवितामा प्रयोग हुने छन्द, ताल वा सङ्गीतलाई लय भनिन्छ । लय कविताको एउटा महत्त्वपूर्ण तत्त्व हो । लयविहीन कविता हुने सक्दैन र कवितालाई अन्य विधाबाट अलग गराउने एक मात्र तत्त्व लयविधान नै हो । यो मुक्त र बद्ध जुन पनि हुन सक्छ । प्रौढ सिर्जनामा आन्तरिक सङ्गीत चेतना भएका मुक्त छन्द (गद्य कविता) का कविताहरू पनि शक्तिशाली हुन्छन् तर बालकवितामा बद्ध छन्द नै अत्यावश्यक मानिन्छ । हालसम्म लेखिएका सम्पूर्ण नेपाली कविताहरूलाई हेर्दा जम्मा चार प्रकारका लयको प्रयोग भएको पाइन्छ । ती हुन् :

क) वार्णिक छन्द
ख) मात्रिक छन्द
ग) लोक छन्द
घ) मुक्त छन्द

नेपाली कविता परम्परामा उल्लिखित चार प्रकारका लयहरूको प्रयोग भए पनि ती सबै बालकविताका लागि अनुकूल छैनन् । हुनत, महाकवि देवकोटाको 'कोपिला' कविता (नटिप्नु हेर कोपिला, नचुँड्नु पाप लाग्दछ) मा प्रमाणिका (वार्णिक) छन्दको र युगकवि सिद्धिचरणको 'तोरीबारी' कविता (धर्ती फारी सुन्दर पारी, फुल्दछ कसरी तोरीबारी) मा पादाकुलक (मात्रिक) छन्दको र श्यामप्रसादको 'जाँच' कविता (हाम्रो जाँच कक्षामा मात्र होइन,

बाटामा पनि हुन्छ, घरमा पनि हुन्छ) मा मुक्त छन्दको सुन्दर प्रयोग गरिएको पाइन्छ । यति हुँदाहुँदै पनि बालकविताका लागि लोकछन्द नै सबैभन्दा उपयुक्त छन्द हो । यसमा लेखन, गायन र नृत्य पनि सँगसँगै गर्न सकिन्छ । जस्तैः

**क) लोकछन्द (बालोरी छन्द)**

४ + २ = ६ अक्षर

ताराबाजी / लैलै

मामा आए / घोडा

माइजू आइन् / डोली

पापा ल्याइन् / सोली ।

४ + ३ = ७ अक्षर

टालाटुली / बटुली

कति राम्री / पुतली

सानी पनि / छैनन् रे

ठुली पनि / छैनन् रे ।

४ + ३ + ४ + ३ = १४ अक्षर

मेरो गाउँ / ज्यामिरे / जमुनीको / छोरो म

काले भन्छन् / मलाई / तर मान्छे / गोरो म ।

**(ख) लोकछन्द (बालगीति छन्द)**

४ + ३ + २ + ३= १२ अक्षर

ठुली दिदी/ सेनामा/ सानी/ प्रहरी

कोही पनि/ बस्दैनन्/ काम/ नगरी

म पो डाक्टर/ बन्ने कि/ नर्स/ बन्ने हो ?

म त अहिले/ भन्दिनँ/ पछि/ भन्ने हो ।

**(ग) लोकछन्द (सवाई) :**

४ + ४ + ४ + २ = १४ अक्षर

वर्षा याम / एक दिन / ठुलो पानी / पर्‍यो

काला काला / बादलले / सेता गेडी / झार्‍यो

चुट्नुसम्म / चुट्यो आज / पाऱ्यो चिल्ल/बिल्ल
बतासले / हाँगो भाऱ्यो / गुँड पुग्यो / तल ।

**(घ) लोकछन्द (भ्याउरे) :**

३ + २ + ३ + २ + ३ + ३ = १६ अक्षर

सानो छ / खेत / सानो छ / बारी / सानै छ / जहान
नगरी / काम / पुग्दैन / खान / साँझ र / बिहान ।

नेपाली बालकविता परम्परामा यी सर्वाधिक प्रचलित लोकछन्दहरू हुन् । यीमध्ये जुन छन्दमा पनि बालकविता लेख्न सकिन्छ ।

## ५. बालकविता कसरी लेखिन्छ ?

बालबालिकाहरूको रुचि गद्य अभिव्यक्तिमा भन्दा लयात्मक अभिव्यक्तिमा बढी देखिन्छ । आमाले लोरी गाएर सुताउँदा तिनको मस्तिष्कमा प्रवेश गरेको लयले विद्यालयमा पुग्दा पनि त्यहीअनुसारको अभिव्यक्ति वा संवादको खोजी गरिरहेको हुन्छ । जसका कारण सामान्य कुराहरू पनि लयमा भनिदिँदा उनीहरू खुसी भएर सुन्छन् भने गद्यमा भन्दा त्यत्ति ध्यान दिँदैनन् । त्यसैले बालबालिकालाई कखगघको सिकाइ पनि गीतमा गराइन्छ, कथा पनि लयमा नै सुनाइन्छ र खेलहरू पनि लयमा नै खेलाइन्छन् । यही प्रभावलाई मोडेर सिर्जनामा रूपान्तरण गर्न सकिन्छ ।

बालबालिकाले लेख्ने बालकविता हुन् वा प्रौढहरूले लेख्ने बालकविता हुन् । ती सबैको रचना लयात्मक हुनै पर्छ । यस प्रकारका कविताको रचना गर्न सिक्दा सबैभन्दा पहिला लोकलयबाट प्रवेश गर्नुपर्छ । सुरुमा छोटो लयबाट सुरु गरी बिस्तारै अलि लामो लोकछन्द हुँदै शास्त्रीय छन्दमा पुग्न पनि सकिन्छ । बालकविता लेखनको थालनी यसरी गर्न सकिन्छ–

**क) बालोरी छन्द :** बालोरी छन्दको प्रयोग (४+२=६) र (४+३=७) दुई तरिकाले गरिन्छ । तीमध्येमा एउटालाई अँगाल्नुपर्छ र तीन चरणमा कविता पूरा हुने गरी यसरी थालनी गर्नुपर्छ–

**पहिलो चरण :** अक्षर सङ्ख्या मिल्ने गरी सूत्रमा शब्द भर्ने

४ + ३ = ७ अक्षर
फूलबारी हिमाल
रमाइलो सानिमा
खोलानाला किताब
विद्यालय गएर ।

यहाँ चार र तीन अक्षरका शब्दहरू मात्र छन्, तिनमा अर्थको कुनै तालमेल छैन । अब यसलाई दोस्रो चरणमा शब्द र अर्थका बिचमा तालमेल मिलाउनुपर्छ ।

**दोस्रो चरण :** शब्द र अर्थका बिचमा तालमेल मिलाउने

४ + ३ = ७ अक्षर
फूलबारी राम्रो छ
रमाइलो लाग्दै छ
खोलानाला पनि छन्
विद्यालय यहीँ छन् ।

यहाँ चार र तीन अक्षरका शब्दहरू पनि छन् र भनाइ अर्थपूर्ण पनि छ तर वर्णन मात्र हुनाले यो कविता बनिसकेको छैन । अब यसलाई तेस्रो चरणमा गएर भावको समेत निर्माण गर्नुपर्छ ।

**तेस्रो चरण :** भाव वा कवित्वको निर्माण

४ + ३ = ७ अक्षर
एउटा फूल किताब
अर्को फूल शिक्षक
फूलबारीमा जाऔँ न
कख पढी आऔँ न !

यस भनाइमा फूललाई किताब र शिक्षकका रूपमा र फूलबारीलाई विद्यालयका रूपमा चित्रण गरिएको छ र त्यहीँ गएर सबै कुरा पढ्न सकिने भाव व्यक्त गरिएको छ । अब मात्र यो कविता बनेको छ । यो त एउटा पद्य मात्र हो, यसरी नै कम्तीमा तीन पद्य

निर्माण गरेपछि मात्र त्यो पूर्ण बालकविता बन्ने गर्दछ । यसरी नै चार र तीन अक्षरको संयोजनबाट यस लयमा सुन्दर बालकविता रचना गर्न सकिन्छ । यसरी नै बालोरी छन्दका दुई हरफलाई एक हरफ बनाएर चौध अक्षरमा लेख्दा 'मेरो गाउँ ज्यामिरे' जस्तो सुन्दर बालगीतको रचना गर्न सकिन्छ ।

**(ख) बालगीति छन्द :** बालगीति छन्दको प्रयोग पनि (४+३+२+३=१२) र (४+४+२+३=१३) दुई तरिकाले गरिन्छ । तीमध्येमा एउटालाई अँगाल्नुपर्छ र अभ्यास गर्दा माथिको जस्तै तीन चरणमा गए पनि हुन्छ र सिधै एकै चरणमा कविता पूरा गरे पनि हुन्छ ।

४ + ४ + २ + ३ = १३ अक्षर
मन्दिर, मस्जिद, चर्च, गुम्बा सबै शून्य छन्
भन्नुस् बाबा, कहाँ बस्छन् हाम्रा भगवान् ?

स्वास्थ्य स्वयंसेविका हुन् देवी-भवानी
स्वास्थ्यचौकी भित्रै बस्छन् शिवपार्वती
अस्पतालमा सेतो लुगा बलाई बस्दछन्
नर्स अनि डाक्टर हुन् हाम्रा भगवान् ।

यसरी एकै पटकमा पनि एउटा गीतको स्थायी र अन्तरा अथवा पूरै बालकविता वा बालगीत तयार गर्न पनि सकिन्छ ।

**(ग) सवाई छन्द :** यो १४ अक्षरको लोकलय हो । यस छन्दमा बालकविता वा बालगीतहरू यसरी लेख्न सकिन्छ–

४ + ४ + ४ + २ = १४ अक्षर
आमाबाबा फूलबारीमा खेल्न जान्छौँ हामी
पुतली र चरीलाई साथी ठान्छौँ हामी
भँमराले कानमा आई गीत सुनाउँछ
जुनकिरीले अँध्यारोमा बाटो देखाउँछ ।

**(घ) झ्याउरे छन्द :** यो १६ अक्षरको लोकलय हो । यस छन्दमा पनि बालकविता, बालगीत र बालकाव्यहरू पनि लेख्न सकिन्छ । यसमा कविता लेख्दा तलको सूत्रअनुसार शब्दहरू राख्दै जानुपर्छ–

३ + २ + ३ + २ + ३ + ३ = १६ अक्षर
पहाडमाथि नाचेर हिँड्ने क्या राम्रो बादल
बादलसँगै नाचौँ न साथी बजाऊ मादल
कोइली आई गाउन थाल्यो झ्याउरे भाकामा
ल हेर, खुसी छाउन थाल्यो यी मेरा आँखामा ।

यसरी लोकलयहरूमा राम्ररी खेल्न सक्ने भएपछि बिस्तारै शास्त्रीय छन्दमा प्रवेश गर्नुपर्छ । लोकलयका कवितामा छन्दको सूत्र, अक्षरसङ्ख्या र त्यसअनुसारको शब्दछनोट मात्र जाने पुग्छ तर शास्त्रीय वार्णिक छन्दमा कविता लेख्नका लागि चाहिँ सबैभन्दा पहिले ह्रस्व र दीर्घको नियमलाई पनि जान्नुपर्ने हुन्छ ।

## ६. निष्कर्ष

बालकविता लेखन हेर्दा सजिलो जस्तो लाग्छ तर निकै कठिन कार्य हो । आफूले कुन उमेरसमूहका लागि कविता सिर्जना गर्न लागेको हो, त्यही उमेरको रुचि, क्षमता र भाषिक सामर्थ्यअनुसारको संरचना भएन भने त्यो बालकविताका नाममा बोझ मात्र हुन जान्छ । पात्र बालक छ र विषय बालरुचिअनुसार नै छ तापनि शब्दविन्यास, भावविन्यास र लयविन्यासमा बालमैत्री स्वरूप देखिएन भने त्यो बालकविता बन्न सक्दैन । त्यसैले स्रष्टाले सिर्जनाका क्रममा आफ्नो उमेर र बौद्धिकतालाई बिर्सेर त्यही उमेरसमूहमा ओर्लनुपर्छ र कविता सिर्जना गर्नुपर्छ । बालकविता जति सरल भयो त्यति सुन्दर मानिन्छ । सुन्दर शब्दसंयोजनमा बालबालिकालाई आकर्षण गर्न सक्ने लयविधान र भावविधान भयो भने त्यो बालकविता अमर हुने गर्दछ ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
कटुन्जे मावि, कटुन्जे, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
कुशादेवी मावि कटुन्जे ओखलढुङ्गा

*आविष्कार*

# कम्प्युटर र हामी



*विनोद दाहाल 'वत्स'*

आजकाल हामी हाम्रा धेरैजसो काम कम्प्युटरबाट गर्ने गर्छौं । पछिल्लो चरणको प्रविधिका रूपमा यसको आविष्कार भएपछि हाल बैङ्किङ, छपाइ, चित्रकारिता, मनोरञ्जन, सूचना तथा सञ्चार, भाग्यचक्र हेर्ने लगायतका अधिकांश काम यसैबाट हुने गर्छन् । अहिलेभन्दा बिस पच्चिस वर्ष पहिलेसम्म पनि कम्प्युटरको यसरी अत्यधिक प्रयोग हुने गरेको थिएन । अहिले कम्प्युटरको व्यापक प्रयोग हुने भएका कारण वर्तमान समयलाई 'कम्प्युटरको युग' भन्ने गरिन्छ । यो वास्तविक पनि हो ।

कम्प्युटर के हो ? कसले बनाएको हो ? यो कस्तो प्रविधि हो र यसले कसरी काम गर्छ ? भन्ने बारेमा भने हामी कम्प्युटर प्रयोग गरिरहेका मानिसहरूलाई पनि थाहा नभइरहेको हुन सक्छ । यसले धेरै ठुला ठुला र कठिन तथ्याङ्कलाई पनि छिनभरमै विश्लेषण गरेर उत्तर निकालिदिन्छ । यसले हिसाब गर्ने मात्र होइन विभिन्न लिपिमा टङ्कन गर्ने काम पनि गर्छ । खेल खेलेर मनोरञ्जन लिन पनि कम्युटरबाट सकिन्छ । मानिसले लामो समय लगाएर गर्ने काम कम्युटरले छिनभरमै गर्न सक्छ।

कम्प्युटर विद्युतीय यन्त्र हो । यो यन्त्रहरूमध्येको मस्तिष्क हो । यसबाट तास, लुँडो, बुद्धिचाललगायतका घरभित्र खेलिने खेलहरू खेल्न सकिन्छ । यसबाट टेलिभिजन, सिनेमालगायत हेरेर मनोरञ्जन लिन सकिन्छ । आजकाल त कम्प्युटरका माध्यमबाट विभिन्न प्रकारका व्यावसायिक कामहरू पनि गर्ने गरिन्छ । यसरी मानिसका लागि अनेक प्रकारले अहिलेको समयमा कम्प्युटर साथी बनेको छ र अब त कम्प्युटरबिना मानिसका दैनिकीसमेत सम्पन्न नहोलान् जस्तो भएको छ ।

कम्प्युटरमा एउटा स्मरण शक्ति केन्द्र रहेको हुन्छ । त्यसमा हजारौं सूचनाहरू सङ्ग्रह गरेर राख्न सक्ने क्षमता हुन्छ । यो ज्यादै संवेदनशील यन्त्र मानिन्छ र यसको यस्तो शक्ति केन्द्रमा तथ्याङ्कहरू सङ्कलन वा सङ्ग्रह गर्ने, तिनलाई भण्डारन गरेर राख्ने, आवश्यक निर्देशन पाउनासाथ निर्देशनबमोजिम तिनलाई प्रस्तुत गरिदिने काम गर्दछ । शक्तिकेन्द्रसँग जोडिएका अत्यन्त सूक्ष्म विद्युतीय कोषिकाहरूका माध्यमबाट मानिसको निर्देशन शक्तिकेन्द्रसम्म पुग्छ । मानिसलाई जुन सूचनाको आवश्यकता पर्छ र त्यसलाई हेर्ने चाहना गर्छ त्यसपछि उसले कम्प्युटरलाई त्यसको निर्देशन गर्छ । मानिसको निर्देशन पाउनासाथ एक छिनमै कम्प्युटरले त्यसलाई देखाइदिन्छ।

कम्प्युटर मानिसको दिमागले नै बनाएको हो तर यो वास्तवमा आश्चर्यजनका यन्त्र हो । यसले दूरनिर्देशनका आधारमा काम गर्छ । उदाहरणका लागि मोटरसाइकलको यान्त्रिक निर्देशन चाहिँ त्यसका उपकरणहरूको सम्पर्कबाट हुन्छ । जस्तै : ब्रेकको सम्पर्क तार जोडेर पाङ्ग्रासँग गराइएको हुन्छ तर कम्प्युटरले विनातार अर्को यन्त्रसँग सम्पर्क नगरी दूरनियन्त्रण वा निर्देशनका आधारमा काम गर्न सक्छ । त्यसैले यसलाई आश्चर्यजनक यन्त्र भनिएको हो ।

कम्प्युटरमा मुख्य संयन्त्रका रूपमा एउटा सिपियु रहेको हुन्छ । सबै प्रकारका तथ्याङ्कहरू यसमा रहन्छन् । यो कम्प्युटरको मुख्य अङ्ग हो । यसका साथै यसका अन्य सहायक अङ्गहरू पनि रहेका हुन्छन् । कम्प्युटरमा मानिसले गरेका विभिन्न कामहरू देखाउने उपकरणलाई मनिटर भनिन्छ । यसमा हामीले गरेका टङ्कन लगायतका कार्यहरू विद्युतीय शक्तिका आधारमा देखिने गर्दछन् । यसका साथै टङ्कन गर्ने साधानलाई कि बोर्ड भनिन्छ र यसमा अक्षरहरू रहेका हुन्छन् । हामीले लेख्नु पर्ने लिपि ती अक्षरहरू थिचेर टङ्कन गरिन्छ । त्यसपछि त्यसलाई प्रिन्टरको सहायताले प्रिन्ट गरिन्छ वा अरूको इमेल ठेगानामा पठाउन सकिन्छ ।

यसलाई चलाउन तलमाथि दायाँबायाँ सार्नका लागि यसमा जोडिएको अर्को उपकरण हुन्छ, त्यसलाई माउस भनिन्छ । यी विभिन्न उपकरण जोडेर मात्र कम्प्युटरको पूर्ण अङ्ग तयार हुन्छ । अझै सजिलो पार्ने क्रममा अन्य उपकरणहरू पनि यसमा जोड्न सकिन्छ । काम गर्दागर्दै बत्ती गयो भने हामीले गरेको काम सबै हराउँछ । यसो नहोस् भनेर यसमा पावर सेभ गर्न युपिएस पनि जोड्न सकिन्छ । यसले बत्ती गएको केही समयसम्म काम गर्न सहयोग पुऱ्याउँछ ।

संयुक्त राज्य अमेरिकाको हार्बर्ड विश्वविद्यालयका प्राध्यापक होवार्ड एकिन र उनका सहयोगी मिलेर सन् १९४४ मा पहिलो पटक कम्प्युटरको आविष्कार गरेका थिए । यसको नाम 'हार्बर्ड आई बी एम' थियो । हाल यही हार्बर्ड आई बी एम को विकसित रूपमा अनेकौं प्रकारका कम्प्युटरहरू प्रयोगमा आइसकेका छन् । यस आविष्कारमा हालसम्ममा अनेकौं थप सुधारहरू गरिसकिएको छ । अन्तरिक्षमा पठाएका यानहरूलाई पृथ्वीको नियन्त्रण कक्षबाटै सञ्चालन गर्न सक्ने, तिनको गति र दिशा बदल्न सक्ने अत्यन्त शक्तिशाली कम्प्युटरहरू पनि बनेका छन् । यसलाई सञ्चालन गर्न भने विद्युत शक्ति आवश्यक पर्छ ।

कम्प्युटर मानिसले नै बनाएको यन्त्र हो तर मानिसले गर्न नसक्ने अनेकौं कामहरू यसले गर्न सक्छ। यस अर्थमा मानिसको दिमागलाई मान्नै पर्छ। यसले एक सेकेन्डमा आठ करोड अङ्कसम्मको हिसाब गर्न सक्छ। मानिसका लागि जटिल मानिएका गुणान, भाग, जोड, घटाउ सबै नै यसले गर्न सक्छ। त्यसरी यसले मानिसको दिमागलाई कामका लागि सरल र सहज बनाइदिएको छ। आजको वैज्ञानिक युगमा यसले मानिसको हितैषी साथीका रूपमा मानिसलाई सघाइरहेको छ तर मानिसहरूको दिमाग यसैगरी दिनप्रतिदिन यान्त्रिक बन्दै जानाले मानिसको मौलिक क्षमता भने ह्रास हुँदै गएको कुरालाई पनि स्वीकार गर्नैपर्ने हुन्छ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस्। हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
लदाभिर मा.वि. दुधौली, सिन्धुली

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन पूर्ण योगदान गर्न सकोस्। हार्दिक शुभकामना !
प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
जनजागृति मावि भिमान, सिन्धुली

*आलेख*

# नासिँदै गरेको संयुक्त परिवार, मौलाउँदै गएको एकल परिवार



शिरषा घिमिरे
कक्षा: १०
जेम्स स्कुल, धापाखेल, ललितपुर

आफ्नो मात्र सुखसयलको लागि हो कि, मानसिक शान्तिको लागि हो या पारिवारिक बोझबाट पन्छनका लागि हो यो आजको मानिसहरू हरपल परिवार विभाजन गरेर एकल परिवारमा बस्न रुचाउन थालेका छन् । संयुक्त परिवार भन्नाले जहाँ आमा, बाबा, छोरा, बुहारी, नातिनातिना र अझ भए भाइबुहारी र तिनका सन्तानहरू भन्ने बुझिन्छ । झट्ट हेर्दा ठुलो हुन्छ होला, केही असुविधाहरू पनि हुन्छन् होला तर भित्री रूपमा परिवारमा सदस्यहरूको न्यानो सामिप्यता माया तथा सद्भावले भने सधैं पाइरहेको नै हुन्छन् ।

एकल परिवार जहां आमा, बुबा र छोरा-छोरी मात्र हुन्छन्, हेर्दा छोटो अनि सुखी परिवार तर भित्र भित्रै कुण्ठित मनका भावना पनि व्यक्त गर्न नपाउने र निशब्द र शून्यताले भरिएको परिवार भन्ने बुझिन्छ । आधुनिक ताले हो कि, कामको व्यस्तताले हो कि, परिवारको बुढापाका सासू ससुराको स्याहार गर्ने फुर्सद नभएर पो हो कि, आज हाम्रो देशका पनि पश्चिमी देशमा जस्तो एकल परिवारको बाहुल्यता बढ्दै गएको छ । च्याउ पलाए झैं गरी पलाएको वृद्धआमाले गर्दा पो हो कि भएको बृद्ध आमाबुबालाई वृद्धआश्रममा लागेर राख्ने चलन पो बढ्न थालेको छ । यसले गर्दा घरमा भएको साना केटाकेटीहरू असुरक्षित बन्न थालेका

छन् । शून्यताको कारण हरपल मोबाइल र ट्याबमा र फेसबुक मा झुण्डिएको दिमागलाई नै क्रियाशील नभै बोधो बनाउन थालेको छन् । एकल परिवारको प्रत्यक्ष नकारात्मक प्रभाव यही नै हो र यसले हाम्रो समाज दिन प्रतिदिन अन्धकारतिर धकेलिएको छ । संयुक्त परिवारमा भने यसो हुँदैन । सबै सदस्यहरू आफ्नो अनुशासनमा हुन्छन् र आमा बाबाको गालिमा नै अर्ती घुसेको हुन्छ । समयमा सुत्ने, समयमा उठ्ने, घरमा पालेको तातो खानेकुरा समयमा खाने बानीले स्वस्थ र सभ्य समाजको निर्माण भइरहेको हुन्छ र एक अर्कामा सहयोगको भावनाको विकास भइरहेको हुन्छ । तसर्थ संयुक्त परिवारको सबैभन्दा ठुलो सकारात्मक पक्ष यही नै हो ।

त्यसैले एकल परिवारमा ध्यान नदिऔँ, संयुक्त परिवार नै रोजौं, भएको बुबा आमालाई वृद्धाश्रम पठाएर शून्य घरको शून्यता छल्न मन्दिर मन्दिर र पार्क धाउन छाडौँ । आज हामीले परिवारका वृद्धहरूलाई पुग्यौँ भने सम्झौं भोलि हाम्रा छोराछोरी मार्फत हामी पुग्ने ठाउँ पनि आश्रम नै हो । तसर्थ एकल परिवार छाडौँ, संयुक्त परिवार रोजौँ ।

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
जाल्पा मावि टारकेराबारी, ओखलढुंगा

# Climate Change at the Himalaya Region of Nepal



Prof. Khem Narayan Poudyal, PhD
IOE Pulchowk Campus TU

Nepal is situated on the southern slopes of the Himalayan mountains in South Asia. It is complex topography with landlock and is bordered by Tibet-China to the north and surrounded by India to the east, west, and south. Nepal can be divided into three ecological regions: high land, mid-hills, and the low land plains. There is vast variation in its altitude, which makes the climatic range from sub-tropical to the arctic region. The elevation of the country ranges from 60.0 m to 8848.86 m from the sea level within the north-south of a distance of about 185 km. In Nepal, there is about 80 percent rainfall during the summer season from the southeast monsoon originating from the Bay of Bengal. The annual summer monsoon rain continues decreasing as we go from the eastern part of Nepal to the western part of the country. During the summer season, the level of pollutants is shallow due to the flush out of the pollutant

particles by the excessive rainfall, and clouds often cover the sky. During the winter season, the rainfall mainly occurs due to westerly disturbance from the Mediterranean Sea, and the rainfall gradually decreases from the western to the eastern part of Nepal. In the winter season, the sky is covered with fogs, smoke, and haze in most parts of the country. Likewise, the low land Terai and high land suffer from cold waves and sometimes excess, sometimes very low snowfalls. This type of situation has been frequent for a few decades. It might be due to the change in climate in our region.

In summertime every year, Nepal suffers from many more unusual calamities like landslides, floods, storms, and sometimes drought, even in the summer season. These types of disasters cause massive loss of human life and property every year. One of its reasons might be the fast rate of change in climate in our Himalayan Region. Such type of situation has prevailed since the 1980s. One of the reasons is the impact of a massive amount of pollutants like black carbon, CO2, and many more pollutants from large-scale industries of our neighbors China, India, Pakistan, Bangladesh, and others nearer countries of South Asia. The enormous amount of pollutants is one of the significant threats in our Himalayan Region. This region is one of the most significant sources of drinking water, irrigation, and sources of hydropower energy in our Third Pole. So this is high time to protect ourselves. If we do not correctly handle this vulnerable situation, we will

suffer from a series of great large-scale disasters and lose the large scale of snow from our Himalayas. So our development activities should be well planned and sustainable; otherwise, we all South Asian people will suffer from great disasters every year. If we want to protect our Himalayan region, we should sustainably exploit and utilize our natural resources. The Government of China has converted the Gobi Desert into Gobi Green Forest or Green Wall in Northern China. We can also learn from China and Israel about changing the desert into green land or farmland. This initiative is one of the fundamental processes for sustainable development in the 21st century. In addition, we should promote clean and green energy for our daily life as far as possible. Most importantly, we all human beings should change our behavior at first for sustainable development and reduce our needs and intentions to save our earth for future generations.

We express our best wishes to *Molung Gyanpravaha* published by Molung Foundation for its success in disseminating knowledge and information to all children and adults living in Nepal and abroad.

**Principal**
And the entire school family
Progressive School
Mahakalsthan Kathmandu

# Dependency on Social Media



Divya Jyoti Yadav
GEMS School

We tweet, we like, and we share — but what are the consequences of our growing dependency on social media?

In recent years, social media has grown in popularity. You would be hard-pressed to find someone in nearly any organization who does not have a social media presence at this time. Because of its reach, accessibility, and interactivity, many people prefer it to other kinds of media. Young people frequently use social media to communicate with their peers, share thoughts, memes, and photos, among other things. However, another aspect of social media use is rarely discussed or examined. The dark side of social media is this.

The unwanted applications of social media are referred to as the "dark side." Cyberbullying, trolling, fake news, stalking, and privacy concerns are just a few examples. These factors are growing increasingly prevalent in social media usage, although people continue to use them at the same rate. They post photographs without permission, engage in debates and trolls, read stories and believe them without verifying the source, and so

on. Social media can be a terrific tool for networking and connecting with friends, but it can also be a breeding ground for bad behavior.

Another issue that worries me is that there appears to be a rise in adolescent use of social media. When Facebook was initially launched, it was aimed at college students. People began lying about their age and creating Facebook pages as time went on, resulting in fewer younger users. Similar incidents occur nowadays when children use Snapchat, Tik Tok, and other social media sites. This is a frightening concept, given all of the opposing sides of social networking. I guess many folks do not give those things much thought. We are aware that it occurs, but we do not believe it will happen to us or that it is not as severe as it appears to be. Something that social media does is use your psychology against you.

Social media platforms enable people to hide and modify reality, replacing it with their idealized version. As a result of comparing these "ideal" norms, social media use can harm one's body image. This might make young people feel like they are doomed to fail because they are constantly comparing themselves to these 'supermodels,' asking things like, "Why don't I look like her?" Why is she so attractive? Why does her life appear to be so flawless?

Social networking is a fantastic instrument that can be put to a lot of good use. People should

consider the implications of what they publish or read on social media. However, people must also examine its negative features of it. Most importantly, we must discuss these concerns. We can keep these concerns from rising as long as we talk about them. So, it is essential to know about the flip side of the coin.

We express our best wishes to *Molung Gyanpravaha* published by Molung Foundation for its success in disseminating knowledge and information to all children and adults living in Nepal and abroad.

**Principal**
And the entire school family
Gems School, Dhapakhel, Lalitpur

We express our best wishes to *Molung Gyanpravaha* published by Molung Foundation for its success in disseminating knowledge and information to all children and adults living in Nepal and abroad.

**Principal**
And the entire school family
Nepalaya College, Kalanki, Kathmandu

*Essay*

# Dreams of Life



Nisha Dhamala
The University of Kolkatta

I am just 23.
I am still studying.
I want to earn money of my own.
My parents too are getting old.
I feel all the responsibility of them.
I want to explore the world.
I want to enjoy my life on my own rules.
Do I have too many dreams?
Do I feel tensed or stressed?

People often take stress for their future. I would just talk about people of my age group and about what we feel. Often our feelings are left unnoticed. Luckily, I am not the one as my parents do understand me most of the time. I have got friends to share my worries with. But what about people who are alone?

The only burden we feel is becoming an adult minute after minute. We just hope that our future gets brighter. We work hard for it. We also take

breaks and enjoy this much-needed break which is often considered as a symbol of laziness or insincerity towards our work or study.

What happens when our dreams do not get true? What happens when all our hard work backstabs us? We fail. We consider our failure as our destiny. No matter how many times one has tried, once in life, they all feel hopeless and aimless only to be hopeful. Sucees and failure are brothers twain. There is no need to worry much.

We express our best wishes to *Molung Gyanpravaha* published by Molung Foundation for its success in disseminating knowledge and information to all children and adults living in Nepal and abroad.

**Principal**
Mt. Everst Boarding School
and the entire school family
Diktel, Khotng

We express our best wishes to *Molung Gyanpravaha* published by Molung Foundation for its success in disseminating knowledge and information to all children and adults living in Nepal and abroad.

**Principal**
Diktel Boarding School
and the entire school family
Diktel, Khotng

## *अन्तरक्रिया*

**'सरकार जुन पार्टीले चलाए पनि, जो सुकै सत्तामा भएपनि हामीलाई केही भएन । जति पार्टी मिलेर सरकार चलाए पनि हुन्छ । तर विज्ञान तथा प्रविधि मन्त्रालयमा गयगुज्रेको पार्टीको गयगुज्रेकै मन्त्री चाहिँ नियुक्त नगरे हुन्थ्यो ।'**



प्रा.डा. दीपक अर्याल
प्रमुख
त्रिवि, जलवायु तथा मौसम विज्ञान विभाग

*पिता भैरव अर्याल र माता शोभा अर्यालका सन्तानका रूपमा वि.सं.२०२६ सालमा काठमाडौंको गोकर्णेश्वरमा प्रा.डा. दीपक अर्याल जन्म भएको हो । यो नाम जल तथा मौसम विज्ञानमा परिचित नाम हो । अर्याल एक मान्यता प्राप्त मौसमविद्, वायु प्रदूषण र जलवायु विशेषज्ञ हुनुहुन्छ । पढ्नमा जेहनदार उहाँले कक्षा ४ देखि १० सम्म आनन्दकुटी विद्यापीठमा आवास र खानपिनसहित पूर्ण छात्रवृत्तिमा अध्ययन गर्नुभयो । आफ्नो प्रवीणता पत्र तह अमृत साइन्स क्याम्पसबाट गर्नुभएका उहाँले जलवायु विज्ञानमा स्नातक त्रिचन्द्र क्याम्पसबाट गर्नुभएको छ भने त्रिभुवन विश्वविद्यालय र जापानको नागोया विश्वविद्यालयबाट (जलवायु विज्ञानमा) स्नातकोत्तर गर्नुभएको छ । साथै उहाँले त्रिभुवन विश्वविद्यालयबाट 'मौसमविज्ञान'मा विद्यावारिधि गर्नुभएको छ । उहाँ त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय*

*विभागमा २६ वर्षदेखि सहायक प्राध्यापक हुँदै विगत ३ वर्षदेखि प्राध्यापक हुनुहुन्छ । विगत पाँच वर्षदेखि उहाँ विभागीय प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ । त्यति मात्र होइन उहाँ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान(नास्ट)का प्राज्ञ एवम् सोसाइटी अफ हाइड्रोलोजिस्ट एन्ड मेटियोरोलोजिस्ट अफ नेपालका अध्यक्ष हुनुहुन्छ । उहाँसँग जापान र नेपालमा मौसम विज्ञान, ग्लेसियोलोजिकल, वायु प्रदूषण र एरोसोल क्षेत्रको बृहत अनुभव छ । उहाँ मौसम विज्ञान उपकरण, ग्यास र एरोसोल नमुना उपकरणका जानिफकार हुनुहुन्छ । मौसम सेन्सर र वायु प्रदुषणको बारेमा विमान उपकरणको अनुभव छ उहासँग । हाल उहाँ मनसुन क्षेत्रमा कन्भेक्टिभ सिस्टममा काम गरिहरनु भएको छ । उहाँले नेपालको तर्फबाट AGU,EGU,AOGS,JPGU लगायत अन्तर्राष्ट्रिय सम्मेलनहरूमा आफ्ना कार्यपत्र प्रस्तुत गर्नुभएको छ । यो अङ्कमा मोलुङ् फाउन्डेशनले प्रकाशन गर्ने मासिक शैक्षिक पत्रिका मोलुङ् ज्ञान प्रवाहका लागि सम्पादक इन्दु अंशुले विज्ञान शिक्षाका सम्बन्धमा उहाँसँग गर्नुभएको अन्तरक्रियाको सार सङ्क्षेप :*

इन्दु अंशु : मोलुङ ज्ञानप्रवाहका लागि मोलुङ फाउन्डेसनका तर्फबाट यहाँलाई स्वागत छ ।

प्रा.डा.अर्याल : धन्यवाद !

इन्दु अंशु : विज्ञान शिक्षाका सन्दर्भमा नेपाल सरकारको नीति कस्तो छ ?

प्रा.डा.अर्याल :नेपाल सरकारको केही न केही नीति त होला । केही नभएको भए त यहाँसम्म आइपुग्न सक्ने थिएनौं । राज्यले आफ्नो महत्त्वपूर्ण समय र शक्ति अन्य किसिमका द्वन्द्व र विवाद ब्यवस्थापनमा खर्च गर्नु पर्‍यो । हुनत, इतिहासकाले व्यक्तिले इतिहासमा खर्च गरेन भन्लान्, इन्जिनियरिङकाले इन्जिनियरिङमा चाहिँ छैन भन्लान्, यसरी भन्ने धेरै हुन्छन् । हाम्रो जस्तो अल्प विकसित देशमा जति ध्यान विज्ञान तथा प्रविधिमा हुनु पर्थ्यो त्यति छैन । तर पनि सरकारले प्रयास भने गरेको छ । जस्तो-प्राथमिक तहदेखि माध्यमिक तहसम्म विज्ञान विषयलाई अनिवार्य गरेको छ ।

त्यस्तै नेपाल एकेडेमी साइन्स अफ टेक्नोलोजी भनेर उच्च शिक्षा र अनुसन्धानका लागि गठन गरेको छ। विज्ञानका क्षेत्रमा काम हुँदै नभएका होइनन् तर जति सङ्ख्या र लगानी हुनु पर्थ्यो त्यो चाँहि पक्कै भएको छैन ।

इन्दु अंशु : विज्ञानप्रति राज्य उदासीन छ जस्तो लाग्छ, के यो साँचो हो ?

प्रा.डा.अर्याल : यो घाम जत्तिकै छर्लङ्ग छ । मैले केही भन्नु पर्छ जस्तो लाग्दैन । त्यही पनि एउटा जल्दोबल्दो प्रसङ्ग भने जोड्छु । हामी कोरोनाको माहामारी दुई वर्षदेखि भोगिरहेका छौं । यो अवधिमा विश्वभरका वैज्ञानिकहरूका अथक मेहनतले अन्ततः भ्याक्सिन आयो । धेरै पर जानै पर्दैन हाम्रै छिमेकमा चीनले आफैँ भ्याक्सिन बनायो। भारतले आयातित फर्मुला प्रयोग गरेर भए पनि आफैले भ्याक्सिन बनायो । तर हामीले त्यसले देला कि, उसले देला भनेर बाटो हेरिरह्यौं। यसमा राज्यले न त आयातित नै सही कुनै विश्वासिलो फर्मुला प्रयोग गरेर भ्याक्सिन बनाउन सक्यो न त यहाँका दक्ष वैज्ञानिकहरूको ज्ञानलाई प्रयोग गर्न सक्यो । मोडर्ना फाइजर जस्तो कोभिड भ्याक्सिन उत्पादन गर्ने कम्पनीको ल्याबमा काम गर्ने व्यक्ति को थिए भन्दा नेपाली थिए भन्ने सुनिन्छ । त्यसैले हाम्रो देशमा वैज्ञानिकको कमी छैन, छ त केवल कमी देश चलाउनेहरूको सोचमा । निजी क्षेत्रले विज्ञानको क्षेत्रमा त्यति चासो दिएको छैन । तर राज्य र निजी क्षेत्र दुबैको बलियो उपस्थिति हुनु पर्ने हो। नहुनु भनेको उदासीन नै त हो।

इन्दु अंशु : राज्यले दक्ष जनशक्तिलाई देशमै राख्न नसकेको हो ?

प्रा.डा.अर्याल : दक्ष जनशक्ति हामी कहाँ छैनन् भनेर कसरी मान्न सकिन्छ ? म आफू जुन विभागमा छु । जसको नेतृत्व मलाई दिइएको छ। जिम्मेवारी मैले लिएको छु। त्यो स्थानमा रहेर राम्रो काम गर्ने प्रयास गरेको छु । मैले धेरै मेहनत गरेर एक जना साइन्टिस्टलाई त्रिभुवन विश्वविद्यालयबाट सेवा आयोगको सिफारिसमा नेपाल भित्रिन सफल भएँ । यो प्रतियोगितामा असफल हुने अन्य २ जना व्यक्तित्वहरू पनि विश्वस्तरमै राम्रा

वैज्ञानिक थिए । भविष्यमा उहाँहरूलाई पनि नेपाल भित्र्याउने प्रयास गर्ने छु । यो मेरो जीवनको खुसीको पल हो । विदेश पलायन भएका जनशक्तिमा असुरक्षित भविष्यको त्रास हुन्छ । म आफैसँग पनि यो अनुभव छ । आफ्नो र परिवारको भविष्यका लागि विदेश ठीक भए पनि म त्यहाँ बस्न चाहिनँ । न त्यहाँ कसैले मलाई चिन्छन्, न त जान्दछन् । त्यहाँ त मेरो कुनै अस्तित्व रहने भएन । तर जे जति गर्छु आफ्नै देशमा गर्छु । त्यसले मलाई धेरै खुशी दिने छ भन्ने सोचेर म नेपाल फर्किएको थिएँ । मैले विदेशमा धेरै विद्यार्थीहरूसँग भेटघाट गरेको छु । उनीहरू नेपाल आउन नचाहने होइन, चाहन्छन् । तर आफ्नो अनिश्चित भविष्य देखेर आउन सक्दैन । यसबाट त दक्ष जनशक्तिलाई सदुपयोग गर्न नसकेकै देखिन्छ ।

इन्दु अंशु : त्रिभुवन विश्वविद्यालयमा विज्ञान तथा प्रविधि कुन स्थानमा छ ?

प्रा.डा.अर्याल : त्रिभुवन विश्वविद्यालयमा विज्ञान तथा प्रविधि शीर्ष स्थानमा छ भन्दा हुन्छ । म्यानेजमेन्ट, आर्टस्, ल र एजुकेसन भन्दा साइन्स अगाडि नै छ । साइन्समै पनि विद्यार्थीको आकर्षण मेडिसिन  इन्जिनियरिङ, एग्रिकल्चर, फरेस्टी आदिमा हुन्छ ।

इन्दु अंशु : जल तथा मौसम विज्ञान विषय नेपालमा कत्तिको आवश्यक छ ?

प्रा.डा.अर्याल : एकदमै आवश्यक छ । समय अब पहिला जस्तै छैन । पूर्वानुमान गर्दा पनि रिजल्ट ठ्याक्कै नमिल्दा पहिला धेरै दुःख हुन्थ्यो । त्यतिबेला प्रविधि पनि थिएन र प्रविधि बुझ्ने जनशक्ति पनि थिएन । आज पानी पर्छ भनेको छ रेडियोले भनेर छाता लिएर हिड्यो, पानी चाहिँ नपर्ने । फेरि रेडियोले आज घाम लाग्छ भनेपछि छाता नबोकी हिँड्यो, पानीले चुटेर हैरान । अबको समय त्यस्तो छैन । याद गर्नुभएको होला अहिले रेडियोले जे भन्यो त्यही हुन्छ । यसरी मौसम सम्बन्धी सही जानकारी दिन सक्यो भने सम्भावित खतराबाट जनजीवनलाई बचाउन सकिन्छ । प्रविधिको प्रयोगबाट केही वर्षपछि काठमाडौंको सुन्दरीजल र थानकोटको

मौसमसम्बन्धी छुट्टाछुट्टै जानकारी प्राप्त गर्न सकिन्छ । त्यो टेक्नोलोजीको विकास भइसकेको छ ।

इन्दु अंशु : विद्यालय तहको विज्ञान शिक्षा सन्तोषजनक छ त ?

प्रा.डा.अर्याल : कस्ता विद्यालय भन्ने कुरा आउँछ । निजी विद्यालयले विज्ञान विषयका लागि सुविधा सम्पन्न ल्याब राखेका हुन्छन् । विद्यार्थीहरूबाट राम्रै फि असुल्छन् । शिक्षा पनि राम्रो दिन्छन् । सरकारी विद्यालयहरूले पनि भूकम्प पछि बनेका भवनमा ल्याबका लागि छुट्टै कोठा बनाएका छन् । केही सामान पनि राखेका छन् । दुखको कुरा त्यसलाई प्रयोग गर्न सिकाउने शिक्षक भइ दिएन । मेरो घर नजिकै पाँच, छ ओटा स्कुलमा बिहानै गाडीका गाडी विद्यार्थी ओसारेको देख्छु । सरकारी विद्यालय जहाँ राम्रो भवन छ । सरकारले तलब दिएका शिक्षकहरू छन् । राम्रो ट्वाइलेट, शुद्ध पानी छ, अन्य सुविधा पनि छ तर त्यहाँ विद्यार्थी छैनन् । किन छैनन् भन्दा त्यहाँ भएका शिक्षकहरूलाई पढाउन आउदैन । समस्या यही हो । शिक्षक भइसके पछि आफ्नो विषयमा अब्बल हुनु पर्‍यो । दश वर्ष पहिला म यसरी पढाउथें, अब पनि त्यसरी नै पढाउछु भन्नु त भएन । समय अनुसारको ज्ञान हासिल गर्नु पर्‍यो । दिनदिनै विद्यार्थीलाई नयाँ कुरा सिकाउनु पर्‍यो । १० वर्ष पहिला औषधि लेख्ने डाक्टर त्यो बेला ज्वरोको लागि जुन औषधि लेख्थ्यो, अहिले पनि त्यही लेख्छ त ? लेख्दैन नि ! किनकि यति समयमा अब अर्कै औषधि आइसक्यो । कम्पनी फरक भइसक्यो । त्यसैले शिक्षकले आफूलाई अद्यावधिक राख्नु पर्‍यो । एउटा शिक्षकले राम्रोसँग नपढाउदा एक जना, दुई जना विद्यार्थीको भविष्य बिग्रने होइन, एउटा पुस्ताको भविष्य डामाडोल हुन्छ । सरकारले शिक्षकलाई राम्रो तलब सुविधा दिएको छ । तालिम दिएको छ । घर पायकमा परिवारसँग बसेर जागिर खान पाएका छन् । तर पनि उनीहरूले राम्रोसँग नपढाए कसरी सक्षम विद्यार्थी उत्पादन हुन्छन् । यसमा के सन्तोष मान्नु र !

इन्दु अंशु : सरकारी शिक्षण संस्था र निजी शिक्षण संस्थामा के फरक देख्नु हुन्छ ?

प्रा.डा.अर्याल : सरकारी शिक्षण संस्थामा राज्यको लगानी छ । भनसुनबाट, राजनीतिक सिफारिसबाट शिक्षक हुन्छन् । सरकारी तलब खान्छन् । तर शिक्षण सिप छैन । निजीमा स्कुलको हेडमास्टरको हातमा हुन्छ सबै । स्कुललाई कसरी राम्रो बनाउने ? खर्च कसरी उठाउने भनेर राम्रा राम्रा शिक्षक राखेका हुन्छन् । आफूसँग भएको ज्ञान, सिप बेचेर आर्थिक उपार्जन गर्नु पर्ने भएकोले शिक्षकहरू जिम्मेवार भएर काम गर्छन् । आफूलाई अपडेट राख्छन् । निजी स्कुलको पढाइ राम्रो हुन्छ । सरकारले नीति शिक्षा क्षेत्रका लागि राम्रो नीति ल्याउनु पर्‍यो । दुनियाँ आयोग मार्फत शिक्षक हुनेभन्दा पनि सम्बन्धित समुदायका निष्पक्ष र बौद्धिक व्यक्तिको समितिलाई शिक्षक नियुक्तिको अधिकार दिनु पर्ने हो । उनीहरूले आफ्नो ठाउँको विद्यालयका लागि अवश्य पनि राम्रो शिक्षक छनौट गर्छन् । यसरी सुम्पन पनि राज्यले सक्दैन । आफैले पनि केही गर्दैन । सबै जनाको नियत खराब छ । एउटा सानो उदाहरण- मलाई आफ्नो विभागमा एउटा कर्मचारी राख्नु पर्ने छ । मैले आफ्नो खुशीले राख्न पाउदिन । मैले राख्ने भनेर विज्ञापन गरें भने सयभन्दा बढी राजनीतिज्ञले फोन गर्छन् । विद्यार्थी नेताले फोन गर्छन् । सय जनाबाट एक जना छान्नुपर्छ, उनान्नसय जना रिसाउँछन् । म सबैको प्रिय हुन चाहन्छु । उनान्नसय जना रिसाएपछि बाँच्नै गाह्रो हुन्छ ।

इन्दु अंशु : यहाँ त जल तथा मौसम विभाग प्रमुख हुनुहुन्छ । यो विषयमा प्रत्येक वर्ष कति विद्यार्थीले पढ्न पाउँछन् ? हामीलाई कति जनशक्ति भए पुग्छ ?

प्रा.डा.अर्याल : मौसम भविष्य वाणी दश वर्ष, बिस वर्षको लागि भनेर गरिदैन । यो निरन्तर हुने कुरा हो । मौसम निरन्तर परिवर्तन भइरहने कुरा भयो । कहिले घाम, कहिले पानी, कहिले बादल त कहिले असिना परिरहेको हुन्छ । कसैलाई घमाइलो देख्दा रमाइलो लाग्छ भने कसैलाई पानी पर्दा रमाइलो लाग्न सक्छ । महिनापिच्छे नै फरक फरक मौसम हुन्छ हाम्रो देशमा । त्यसैले

सबैका आ-आफ्नै दृष्टिकोण हुन्छ मौसमका सन्दर्भमा । हाम्रो काम भनेको आज यस्तो हुँदै छ भनेर भनिदिने हो ।

यो विषय पढ्न वर्षमा कति आउँछन् भन्दा पनि हामीले हरेक वर्ष १० जना एमएसी निकाल्न सक्यौं भने पर्याप्त हुन्छ । अबको तिस वर्षसम्मलाई पुग्छ भन्ने मेरो अनुमान हो । किनभने मान्छे ६०,६५ भएपछि त काम गर्न सक्दैन । यसरी वर्षै पिच्छे रिटायर्ड हुनेहरू पनि हुन्छन् । आउने र जानेको सन्तुलन गर्न यो विषयको सीमा १० जनाको कायम छ । केही वर्ष पछि चाहिँ हाम्रो स्कोप बढ्दै गएको हुनाले इन्टरनेसनल एजेन्सीहरू नेपालको उच्च हिमाली क्षेत्रको जलवायुको अध्ययन गर्न इच्छुक भएर आउने सम्भावनालाई हेर्दा यो संख्या बिस पुग्न सक्छ । तर फेरि त्यसको आकार घटाएर १० मै सीमित राख्नु पर्ने हुन्छ । किनकि सङ्ख्या मात्र बढाएर हुँदैन । विद्यार्थीहरूमा चाहिँ एउटाले यो पढ्यो म पनि त्यति पढ्छु भन्ने हुन्छ । यो विद्यार्थीको स्वभाव हो । हामीलाई कति चाहिने हो त्यतिलाई लिएर अरुलाई अनुसन्धानात्मक कार्यमा लगाउँदा राम्रो । यसबाट उनीहरूलाई आर्थिक भार पनि पर्दैन । उच्च शिक्षा अनिवार्य पनि होइन । स्नातकसम्म गरेपछि विद्यार्थीलाई आ-आफ्नो काम लगाउनुपर्छ । स्नातकोत्तर अनि पिएचडी एकदमै अब्बल विद्यार्थीले गर्ने हो । सबैले गर्नु पर्छ भन्ने छैन । त्यसैले वर्षमा १० जना एमएसी र १ जना पिएचडी निकाल्न सके यो विषयलाई पुग्छ ।

इन्दु अंशु : सरकारले वैज्ञानिक शिक्षाका लागि के गरिदिए हुन्थ्यो ?

प्रा.डा.अर्याल : सरकार जुन पार्टीले चलाए पनि, जो सुकै सत्तामा भए पनि हामीलाई केही भएन । जति पार्टी मिलेर सरकार चलाए पनि हुन्छ । तर विज्ञान तथा प्रविधि मन्त्रालयमा गएगुज्रेको पार्टीको गएगुज्रेकै मन्त्री चाहिँ नियुक्त नगरे हुन्थ्यो । अहिले सम्म एक जना गणेश शाह भन्ने मन्त्री भन्दा बाहेक कोही पनि विज्ञानको 'वि'पनि थाहा नपाउने विज्ञान तथा प्रविधि मन्त्री भएका छन् । गणेश शाह आफू मन्त्री नभए पनि अझैसम्म विज्ञानका लागि आफ्नो तर्फबाट योगदान गरिरहेका छन् । अन्य मन्त्री

जसलाई विज्ञानको बारेमा केही थाहा छैन । सम्भवत आठ नौ कक्षामा विज्ञान विषयमा फेल भएका होलान् । त्यस्तालाई मन्त्री बनाएर के प्रगति होला । विज्ञानलाई बुझ्ने र जान्ने आफै विज्ञ भएको व्यक्तिलाई विज्ञान तथा प्रविधि मन्त्री बनाए, बाँकी काम सबै उसैले गर्थ्यो । सरकारले यसमा गम्भीर भएर सोचिदिए पुग्छ ।

इन्दु अंशु : यहाँले विज्ञान विषय किन रोज्नु भयो ?

प्रा.डा.अर्याल : ओहो ! यो अलि गाह्रो प्रश्न भयो । अँ, मान्छेको स्वभाव हुन्छ कसैले नगरेको नौलो काम गरौं । खोजमूलक काम गरौं । नयाँ कुरा पत्ता लगाउँ भन्ने मनमा मलाई लाग्थ्यो । त्यस्तै वातावरण मन पराउँथें । आफूमा भएको जिज्ञासा मेटाउन पनि विज्ञान रोजेको ।

इन्दु अंशु : हामीले शिक्षा सम्बन्धी धेरै कुरा गर्‍यौं अन्त्यमा आफ्ना कुरा पनि बताइदिनुस् न ।

प्रा.डा.अर्याल : म एउटा शिक्षित परिवारमा जन्मिएको थिएँ । घरमा पढ्नुपर्छ भन्ने माहोल थियो । हजुरबुबा नाम चलेको पण्डित हुनुहुन्थ्यो । बुबा साहित्यकार हुनुहुन्थ्यो । बुबा ४० वर्षको उमेरमा नै स्वर्ग हुनु भयो । सबै जिम्मेवारी ममीको काँधमा आयो । उहाँलाई केही समय धेरै गाह्रो भयो । अध्ययनको कुरा गर्दा मेरो जीवनमा एउटा अवसर आयो । एम.एस्सीको सर्टिफिकेट निकालेको भोलिपल्टदेखि जागिर खान थालेको थिएँ । त्यो बेला मौखिक आदेश पनि चल्थ्यो । त्यतिबेला त्यो डिग्रीको भ्यालु बढी भए पनि म भनें सन्तुष्ट थिइन । पछि सन् १९९८ मा स्कलरसिप पाएर जापान गएँ । त्यहाँ गएर मैले अत्यन्त सुविधा सम्पन्न कलेजमा आफ्नो विषयको अध्ययन पूरा गर्न पाएँ । भौतिक रूपमा कहिले नेपाल र कहिले जापानमा बसेर भए पनि १० वर्षको जापानिज् सँगको सङ्गत पाएँ । म बादलको अध्ययन गर्ने मान्छे, बादलभित्रै गएर पढें । मलाई लाग्छ अहिले त कुनै नेपालीले जापान गएर पढ्यो भने त्यतिको सुविधा नपाउला ।

इन्दु अंशु : हस् हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो अमूल्य समय प्रदान गर्नुभएकोमा आभारी छौं ।

प्रा.डा. अर्याल : यहाँलाई पनि धेरै धेरै धन्यवाद !

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् हार्दिक शुभकामना !

क्याम्पस प्रमुख
तथा समस्त क्याम्पस परिवार
कोटेश्वर बहुमुखी क्याम्पस, जडीबुटी

मोलुङ फाउन्डेसनद्वारा प्रकाशित शिक्षाप्रधान मासिक पत्रिका मोलुङ ज्ञानप्रवाहले देश विदेशमा रहेका बालबालिका, किशोर, किशोरी लगायत समस्त नेपालीहरूलाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान गर्न सकोस् . हार्दिक शुभकामना !

क्याम्पस प्रमुख
तथा समस्त क्याम्पस परिवार
जनमैत्री क्याम्पस कुलेश्वर

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौं, नेपाल
फोन नं. ०१ ४६००५९१
Email : molungfoundation@gmail.com
Website : www.molung.org.np